# कोभिड–१९ (पहिलो लहर) ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय, अनुसन्धान इकाई
भदौ, २०७८

## प्राक्कथन

कोभिड-१९ को पहिलो लहरको महामारीका कारण विश्वले मानवीय एवम् आर्थिक क्षति व्यहोर्नु परेको छ । कोभिड १९ का कारण विश्व अर्थतन्त्र सन् २०२० मा ३.२ प्रतिशतले संकुचन भएको अन्तर्राष्ट्रिय मुदा कोषले जनाएको छ ।

कोभिड १९ को महामारीबाट विश्व अर्थतन्त्रसँगै नेपालको अर्थतन्त्र पनि प्रभावित भएको छ । उक्त महामारीबाट जनधनको क्षती न्यूनीकरण गर्न नेपाल सरकारले २०७६ चैत्र ११ देखि २०७७ असार मसान्तसम्म मुलुकभर बन्दाबन्दी/निषेधाज्ञा जारी गरेको थियो । उक्त अवधिभर आधारभूत क्रियाकलापहरु बाहेक अन्य सबै आर्थिक क्रियाकलापहरु ठप्प रहन पुग्यो । परिमाणस्वरुप, आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धिदर २.१ प्रतिशतले ऋणात्मक रहन गयो । कोभिड-१९ को पहिलो लहर अन्त्य हुन नपाउँदै शुरु भएको दोस्रो लहरले अर्थतन्त्रमा कति नकारात्मक प्रभाव पार्ने हो अहिले नै एकिन गर्न कठिन हुने देखिन्छ ।

कोभिड–१९ को महामारीसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै पर्यटकहरुको आवागमनमा लगाइएका बन्देजले नेपालको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । मुलुककै सबैभन्दा बढी पर्यटकीय गतिविधि हुने गण्डकी प्रदेशमा कोभिड १९ ले अझ बढी असर पुऱ्याएको अनुमान छ । यसैक्रममा, कोभिड–१९ (पहिलो लहर) का कारण गरिएको बन्दाबन्दीले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको आर्थिक प्रभाव अध्ययन गरी यस क्षेत्रको पुनरुत्थानको लागि आवश्यक सुझावहरु पेश गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ ।

यो अध्ययनमा पर्यटकीय स्थल, पर्यटन व्यवसायको घनत्व तथा पर्यटक आगमनको आधारमा प्रदेशका ११ जिल्लाहरुमध्ये कास्की, म्याग्दी, मुस्ताङ्ग, तनहुँ, लमजुङ्ग, मनाङ्ग र नवलरासी गरी ७ जिल्ला नमुनाको रुपमा छनौट गरिएको छ । अध्ययनमा कोभिड-१९ (पहिलो लहर) पछि दोस्रो लहर आउनु अघिसम्मको अवधिमा पर्यटन क्षेत्रको आम्दानी तथा रोजगारीमा पुगेको असरलाई समष्टिगत रुपमा अध्ययन गरिएको छ । अध्ययनमा होटल तथा रिसोर्ट, रेष्टुरेण्ट तथा बार, साहसिक पर्यटन, टुर्स तथा ट्राभल्स एजेन्सी, ट्रेकिङ एजेन्सी र होम-स्टेका ३५६ व्यवसायीहरुको स्थलगत सर्वेक्षण गरिएको छ ।

बन्दाबन्दी अवधिमा सर्वेक्षणमा संलग्न अधिकांश पर्यटन व्यवसायहरु पूर्ण रुपमा बन्द भएको पाइएको छ । सो अवधिमा ५३.१ प्रतिशत कर्मचारी/कामदारको रोजगारी कटौती भएको र रोजगारी कटौती हुनेमा अस्थायी/ज्यालादारी कामदारको हिस्सा ८९.५ प्रतिशत रहेको पाइएको छ । बन्दाबन्दी अवधिमा कर्मचारी/कामदारको तलब सुविधा औसतमा ५७.३ प्रतिशतले कटौती भएको पाइएको छ ।

अन्त्यमा, अध्ययनलाई अगाडि बढाउन मार्गदर्शन गर्नु हुने सम्पूर्णप्रति आभार प्रकट गर्न चाहन्छु । अध्ययनमा सहभागी हुनु हुने सबै पर्यटन व्यवसायीहरुलाई समेत विशेष धन्यवाद दिन चाहन्छु । यस अध्ययनलाई सफलतापूर्वक सम्पन्न गर्न खटिनु हुने उप-निर्देशकद्वय आशबहादुर थापा र ढुण्डीराज मिश्र, सहायक निर्देशकद्वय ऋषिराम ढकाल र यसोधा पोखरेल तथा प्रधान सहायकत्रय कृष्णप्रसाद खराल, जितेन्द्रराज शाक्य र सुनिल भुजेल तथा सहायक तिलबहादुर थापालाई विशेष धन्यवाद दिन चाहन्छु ।

**ईश्वरीप्रसाद भट्टराई**
*निर्देशक*

# विषय सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| आवरण पृष्ठ | | |
| प्राक्कथन | | (क) |
| विषय सूची | | (ख)-(ग) |
| तालिका तथा चार्टहरु | | (घ) |
| कार्यकारी सारांश | | (ङ)-(ज |
| परिच्छेद-१ | परिचय | १-४ |
| | अध्ययनको पृष्ठभूमि | १-३ |
| | अध्ययनका उद्देश्यहरु | ३ |
| | अध्ययनको औचित्य | ३-४ |
| | अध्ययनका सीमाहरु | ४ |
| परिच्छेद-२ | कृति समीक्षा | ५-६ |
| परिच्छेद-३ | अध्ययन विधि | ७-१० |
| | पृष्ठभूमि | ७ |
| | स्थलगत सर्वेक्षणको लागि नमुना छनौट | ७-९ |
| परिच्छेद-४ | तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण | १०-२३ |
| | परिचय | १० |
| | सर्वेक्षणमा सहभागी उत्तरदाताको वर्गीकरण | १० |
| | पर्यटन व्यवसायीहरु (होम-स्टे बाहेक) को स्थलगत सर्वेक्षण | ११ |
| | व्यवसाय सञ्चालनको अवस्था | ११ |
| | कर्मचारी/कामदार कटौतीको अवस्था | १२ |
| | तलब सुविधाको अवस्था | १२ |
| | कर्मचारी व्यवस्थापनको अवस्था | १२ |
| | आय नोक्सानीको अवस्था | १३ |
| | बन्दाबन्दी पश्चात वित्तीय साधनको अवस्था | १४ |
| | व्याज छुट प्राप्तिको अवस्था | १४ |
| | मौद्रिक नीति २०७७/७८ ले प्रदान गरेको छुट/सुविधा उपयोगको अवस्था | १५ |
| | सरकारबाट प्राप्त गरेको छुट/सुविधा उपयोगको अवस्था | १६ |
| | व्यवसाय सञ्चालनका सम्बन्धमा भावी योजना | १६ |
| | सेवाग्राहीको अवस्था | १६ |
| | सामान्य अवस्थामा फर्किन लाग्ने अवधि | १६ |
| | स्वास्थ्य सुरक्षाका उपायहरु | १७ |
| | पर्यटन व्यवसायले भोगेका प्रमुख समस्याहरु | १७ |
| | व्यवसायलाई सामान्य अवस्थामा फर्काउन गर्नुपर्ने सुधारहरु | १७ |
| | होम-स्टेको स्थलगत सर्वेक्षण | १८ |

| | | |
|---|---|---|
| | औसत क्षमता तथा संलग्न परिवार | १८ |
| | आवश्यक खाद्यान्न सामाग्रीको व्यवस्था | १८ |
| | होम-स्टे सञ्चालनको अवस्था | १९ |
| | आय नोक्सानीको अवस्था | १९ |
| | सेवाग्राहीको अवस्था | २१ |
| | रोजगारीको अवस्था | २१ |
| | व्याज छुट प्राप्तिको अवस्था | २१ |
| | सामान्य अवस्थामा फर्किन लाग्ने अवधि | २२ |
| | व्यवसाय सञ्चालनका सम्बन्धमा भावी योजना | २२ |
| | होम-स्टे व्यवसायले भोगेका प्रमुख समस्याहरु | २२ |
| | व्यवसायलाई सामान्य अवस्थामा फर्काउन गर्नुपर्ने सुधारहरु | २३ |
| परिच्छेद-५ | निष्कर्ष तथा सुझावहरु | २४-२६ |
| | निष्कर्ष | २४-२५ |
| | सुझावहरु | २६ |
| सन्दर्भ सूची (References) | | २७ |
| अनुसूची-१ | कोभिड-१९ ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव प्रश्नावली | २८ |
| अनुसूची-२ | कोभिड-१९ ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव प्रश्नावली (होम-स्टे) | ३३ |
| अनुसूची-३ | थप तालिकाहरु | ३७ |

# तालिका तथा चार्टहरु


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका १: समूहगत नमुना संकलन विवरण | ९ |
| तालिका २: जिल्लागत नमुना संख्या विवरण | ९ |
| तालिका ३: पर्यटन व्यवसायमा कर्मचारी/कामदारको अवस्था | १२ |
| तालिका ४: मौद्रिक नीति २०७७/०७८ मार्फत प्राप्त छूट सुविधाको उपयोग | १५ |
| तालिका ५: व्यवसाय सञ्चालनका सम्बन्धमा भविष्यको योजना | १६ |
| तालिका ६: सरकारी निकायबाट आर्थिक सुविधा पाएका होम-स्टे संख्या | २२ |
| चार्ट १ : पर्यटन व्यवसायको विवरण | १० |
| चार्ट २ : पर्यटन व्यवसायको जिल्लागत नमुना विवरण | ११ |
| चार्ट ३ : व्यवसाय सञ्चालनको अवस्था | ११ |
| चार्ट ४ : कर्मचारी व्यवस्थापनको अवस्था | १३ |
| चार्ट ५ : बन्दाबन्दीका कारण सर्वेक्षण अवधिसम्म गुमाएको आम्दानी | १३ |
| चार्ट ६ : व्यवसाय सञ्चालनको लागि वित्तीय साधनको व्यवस्थापन | १४ |
| चार्ट ७ : बैंक वित्तीय संस्थाबाट प्रदान गरिएको ब्याज छुट सुविधा पाए/नपाएको | १५ |
| चार्ट ८ : होम-स्टे सञ्चालन गर्न प्रेरित हुनुको कारण | १८ |
| चार्ट ९: आवश्यक खाद्यान्न सामाग्रीहरुको स्रोत | १९ |
| चार्ट १० : व्यवसाय सञ्चालनको अवस्था | १९ |
| चार्ट ११ : बन्दाबन्दी अघि मासिक आम्दानी गर्ने होम-स्टे संख्या | २० |
| चार्ट १२ : बन्दाबन्दी शुरु भएदेखि आम्दानी गुमाउने होम-स्टेको संख्या | २० |
| चार्ट १३ : बैंक/वित्तीय संस्थाबाट व्याज छुट सुविधा पाउने होम-स्टेको संख्या | २१ |
| चार्ट १४ : व्यवसाय सञ्चालनका सम्बन्धमा भावी योजना | २२ |

# कार्यकारी सारांश

१. ***विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ (पहिलो लहर) को कारण नेपालमा पनि आर्थिक क्रियाकलापहरु प्रभावित हुन पुगे ।*** संक्रमण दर नियन्त्रण गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै गरिएको बन्दाबन्दी तथा पर्यटकहरुको आवतजावतमा लगाइएको प्रतिबन्धका कारण पर्यटकीय गतिविधि लगभग ठप्प रहयो । नेपालमा २०७६ चैत ११ देखि शुरु भएको बन्दाबन्दी २०७७ साउन ६ देखि खुकुलो गर्दै लगिएको भएता पनि आधारभूत बाहेकका अन्य आर्थिक क्रियाकलापहरु पूर्णरुपमा सञ्चालनमा आउन सकेका छैनन् । कोभिड १९ का कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा सबैभन्दा बढी प्रभाव पर्यटन क्षेत्रमा परेको देखिएको छ । बन्दाबन्दीका कारण आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धिदर २.१ प्रतिशतले ऋणात्मक रहन गयो भने आर्थिक वर्ष २०७७/७८ मा आर्थिक बृद्धिदर ४ प्रतिशतमा सीमित हुने केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ ।

२. ***यस बैंकले कोभिड-१९ ले नेपालको अर्थतन्त्रमा पारेको असरबारे नियमित रुपमा अध्ययन गरिरहेको छ ।*** बैंकको आर्थिक अनुसन्धान विभागले कोभिड-१९ ले समग्र अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षण तथा सोको दुईवटा पुनरावृत्ति सर्वेक्षण सम्पन्न गरेको छ । उक्त अध्ययनले प्रदेशगत रुपमा कोभिड-१९ ले पर्यटन क्षेत्रमा पारेको प्रभावलाई समेटेको देखिंदैन । मुलुकको पर्यटकीय गन्तव्यको रुपमा चिनिएको गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा के कस्तो प्रभाव पऱ्यो भन्ने विषयमा विस्तृत अध्ययन गर्न सान्दर्भिक देखिएको हुँदा गण्डकी प्रदेशमा कोभिड-१९ (पहिलो लहर) ले पारेको प्रभाव सम्वन्धी सूक्ष्म अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

३. ***यस अध्ययनको प्रमुख उद्देश्य कोभिड–१९ (पहिलो लहर) का कारण गरिएको बन्दाबन्दीले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको आर्थिक प्रभाव अध्ययन गरी यस क्षेत्रको पुनरुत्थानको लागि आवश्यक सुझावहरु पेश गर्ने रहेको छ*** । यसका साथै अध्ययनले कोभिड–१९ ले गण्डकी प्रदेशको पर्यटन व्यवसायमा पुऱ्याएको आर्थिक प्रभावको आकलन गर्ने, बन्दाबन्दी अघि, बन्दाबन्दी अवधिमा तथा बन्दाबन्दी पश्चात पर्यटन व्यवसायको सञ्चालन अवस्था पहिचान गर्ने तथा पर्यटन व्यवसायको पुनरुत्थानको लागि सुझावहरु पेश गर्ने उद्देश्यहरु राखेको छ ।

४. ***अध्ययनमा तथ्याङ्कको स्रोत प्राथमिक तथा द्वितीयक दुवैको प्रयोग गरिएको छ ।*** प्राथमिक तथ्याङ्कको लागि यस प्रदेश अन्तर्गतका ७ वटा जिल्लाहरु र द्वितीयक तथ्याङ्कको रुपमा गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र पर्यटन कार्यालयहरुबाट प्रकाशित प्रतिवेदन, स्वदेशी/विदेशी अध्ययन एवम् लेख, रचनाहरुबाट आवश्यक जानकारीहरु संकलन गरिएको छ ।

५. ***अध्ययनमा गण्डकी प्रदेश अन्तर्गत रहेका पर्यटन क्षेत्रसँग सम्वन्धित ३५६ व्यवसायीहरुको सहभागिता रहेको छ ।*** सहभागीहरुमध्ये १८५ होटल तथा रिसोर्ट, २५ रेष्टुरेण्ट तथा बार, २५ ट्रेकिङ्ग एजेन्सी, ३० साहसिक पर्यटन, ३७ टुर्स एण्ड ट्राभल्स र ५४ होम-स्टे व्यवसाय रहेका छन् ।

६. ***सर्वेक्षणमा सहभागी पर्यटन व्यवसायीहरु मध्ये बन्दाबन्दी अवधिमा ९७.९ प्रतिशत व्यवसाय पूर्णरुपमा बन्द भएकोमा बन्दाबन्दी पश्चात सो संख्या १३.२ प्रतिशतमा झरेको पाइएको छ***। बन्दाबन्दी अवधिमा १.८ प्रतिशत व्यवसायहरु आंशिक रुपमा सञ्चालन भएकोमा बन्दाबन्दी पश्चात यस्तोसंख्या ८५.४ प्रतिशत पुगेको छ । सर्वेक्षणमा उद्यम/व्यवसाय औसतमा २३२ दिन पूर्णरुपमा बन्द रहेको पाइएको छ ।

७. ***सर्वेक्षणमा संलग्न पर्यटन व्यवसायमा बन्दाबन्दीको कारणले ५३.०१ प्रतिशत कर्मचारी/कामदारले रोजगारी गुमाएको पाइएको छ ।*** यसरी रोजगारी गुमाउनेमा अस्थायी/ज्यालादारी कर्मचारीको प्रतिशत ८९.५ रहेको छ । बन्दाबन्दी अवधिमा सामान्य समयको तुलनामा १९.४ प्रतिशत मात्र कर्मचारी/कामदार कार्यरत रहेकोमा बन्दाबन्दी पश्चात सुधार भई यस्तो संख्या ४६.९९ प्रतिशत पुगेको छ । बन्दाबन्दी अवधिमा १३.६ प्रतिशत र बन्दाबन्दी पश्चात १४.७ प्रतिशत व्यवयसायले कर्मचारीलाई रोजगारीबाट हटाएको पाइएको छ ।

८. ***बन्दाबन्दी अवधिमा सर्वेक्षणमा संलग्न पर्यटन व्यवसायहरुमा कर्मचारी/कामदारको तलब सुविधा औसतमा ५७.३ प्रतिशतले कटौती गरेको पाइएको छ*** । बन्दाबन्दी पश्चात सामान्य समयको तुलनामा ६३.६ प्रतिशत तलब सुविधा दिएको पाइएको छ ।

९. ***बन्दाबन्दी शुरु भएदेखि सर्वेक्षण अवधिसम्ममा सर्वेक्षणमा संलग्न व्यवसायीहरुमध्ये सर्वाधिक ३३.६ प्रतिशत व्यवसायले रु. १० लाखदेखि २० लाखसम्म गुमाएको पाइएको छ***। सबैभन्दा धेरै आम्दानी (रु.१ करोड भन्दा बढी) गुमाउने व्यवसायीहरु ६.१ प्रतिशत र सबैभन्दा कम (रु.३ लाखसम्म) गुमाउने व्यवसायीहरु ३.९ प्रतिशत रहेको पाइएको छ । सर्वेक्षणमा रु.५० लाखसम्म आम्दानी गुमाउने व्यवसायीहरुको संख्या ८१.८ प्रतिशत रहेको पाइएको छ ।

१०. ***बन्दाबन्दी पछि व्यवसाय सञ्चालनका लागि सर्वाधिक ३६.५ प्रतिशतले आफ्नै स्वपूँजी उपयोग गरेर आवश्यक वित्तीय साधनको जोहो गर्ने बताएका छन् ।*** सर्वेक्षणमा २८.३ प्रतिशतले बैंक वित्तीय संस्थाबाट ऋण लिने, १९.७ प्रतिशतले साथीभाइबाट सापटी लिने तथा ७.५ प्रतिशतले सहकारीबाट ऋण लिने सोच बनाएको देखिन्छ ।

११. ***सर्वेक्षणमा ५६.४ प्रतिशत पर्यटन व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको र सोमध्ये ७०.९ प्रतिशतले २ प्रतिशत ब्याज छुट सुविधा पाएको देखिएको छ ।*** बाँकी २९.१ प्रतिशत पर्यटन व्यवसायीले सो सुविधा उपभोग गर्न नपाएको बताएका छन् ।

१२. ***सर्वेक्षणमा ३९.९ प्रतिशत व्यवसायले आ.व. २०७७/०७८ को मौद्रिक नीतिमार्फत प्रदान गरिएका सुविधा नपाएको देखिएको छ ।*** सर्वेक्षणमा सर्वाधिक ३०.४ प्रतिशत व्यवसायले पुनरकर्जा सुविधा र २४.७ प्रतिशतले कर्जा भुक्तानी अवधिको म्याद थप सुविधा उपयोग गरेको देखिएको छ । त्यस्तै, ८.२ प्रतिशतले चालु पूँजी कर्जा सुविधा, ६.३ प्रतिशतले ग्रेस अवधि थप गर्ने सुविधा र १.९ प्रतिशतले कर्जाको पुनरतालिकीकरण/पुनरसंरचना सुविधा उपयोग गरेको पाइएको छ ।

१३. ***बन्दाबन्दी अघि पर्यटन व्यवसायबाट सेवा लिने स्वदेशी पर्यटक ४५.६ प्रतिशत रहेकोमा बन्दाबन्दी पश्चात ९७.८ प्रतिशत रहेको पाइएको छ ।*** सोही अनुरुप बन्दाबन्दी अघि व्यवसायबाट सेवा लिने विदेशी पर्यटक ५४.४ प्रतिशत रहेकोमा बन्दाबन्दी पश्चात २.२ प्रतिशत मात्र रहेको पाइएको छ ।

१४. ***सर्वेक्षणमा पर्यटन व्यवसायीहरुले आफ्नो व्यवसाय सामान्य अवस्थामा फर्कन २ वर्ष लाग्ने अनुमान गरेका छन् ।*** सर्वेक्षणमा संलग्न होम-स्टेहरुले व्यवसाय सामान्य अवस्थामा फर्कन औसतमा १.५ वर्ष लाग्ने बताएका छन् ।

१५. ***सर्वेक्षणमा संलग्न व्यवसायहरुमध्ये सर्वाधिक ८३.९ प्रतिशतले अहिलेको व्यवसायलाई निरन्तरता दिने बताएका छन् ।*** बन्दाबन्दी रहीरहे सर्वेक्षणमा ४.६ प्रतिशत पर्यटन व्यवसायीले नयाँ व्यवसाय

सुरु गर्ने, ३.२ प्रतिशतले व्यवसाय बिक्री गर्ने तथा २.९ प्रतिशतले हालको व्यवसाय बन्द गर्ने बताएका छन् ।

१६. ***बन्दाबन्दी अवधिमा होम-स्टे व्यवसाय पूर्णरुपमा बन्द भएको पाइएको छ*** । बन्दाबन्दी पश्चात ७७.८ प्रतिशत होम-स्टे आंशिक रुपमा र ५.६ प्रतिशत पूर्णरुपमा सञ्चालन भएको पाइएको छ भने १६.७ प्रतिशत पूर्णरुपमा बन्द भएको देखिएको छ । बन्दाबन्दी पश्चात् आंशिक रुपमा सञ्चालन भएका होम-स्टेहरुमा सामान्य समयको तुलनामा औसतमा २८.१ प्रतिशत अकुपेन्सी हुने गरेको पाइएको छ ।

१७. **बन्दाबन्दी शुरु भएदेखि सर्वेक्षण अवधिसम्म होम-स्टे व्यवसायबाट सर्वाधिक ३५.२ प्रतिशतले रु.२ लाखदेखि ४ लाखसम्म आम्दानी गुमाएको पाइएको छ ।** सर्वेक्षणमा सबैभन्दा कम ३.७ प्रतिशतले रु. ६ लाख भन्दा माथि आम्दानी गुमाएको पाइएको छ ।

१८. ***सर्वेक्षणमा संलग्न होम-स्टेमध्ये करिब १३ प्रतिशत होम-स्टेले बैंक/वित्तीय संस्थाहरुबाट ऋण लिएको र*** उक्त ऋणीहरु मध्ये ५७.१ प्रतिशतले २ प्रतिशत ब्याज छुट सुविधा पाएको बताएका छन् । सर्वेक्षणमा संलग्न होम-स्टे मध्ये ६३ प्रतिशत होम-स्टेले बन्दाबन्दी अवधिमा सरकारबाट कुनै किसिमका आर्थिक सुविधाहरु नपाएको बताएका छन् ।

१९. ***सर्वेक्षणमा संलग्न ५४ होम-स्टे घरपरिवार मध्ये ५३.७ प्रतिशत घरपरिवारले अहिलेको व्यवसायलाई निरन्तरता दिने बताएका छन् ।*** व्यवसायको आकार बढाएर सञ्चालन गर्ने योजना बनाउने होम-स्टेहरुको संख्या ४६.३ प्रतिशत रहेको पाइएको छ ।

२०. ***बन्दाबन्दी अवधिमा अधिकांश पर्यटन व्यवसायीले आम्दानीको मुख्य स्रोत गुमेको, कर्मचारी व्यवस्थापनमा समस्या रहेको, चालु पुँजीका लागि स्रोत अभाव भएको तथा कर्जाको सावाँ ब्याज समयमा बुझाउन कठिनाई भएको बताएका छन् ।*** त्यसैगरी, व्यवसाय निरन्तरताको लागि चल/अचल सम्पत्ति बिक्री गर्नु परेको एवम् पर्यटन व्यवसायमा गरिएको लगानीको सुरक्षा नभएको जस्ता अन्य समस्याहरु रहेको उल्लेख गरेका छन् ।

२१. ***बन्दाबन्दी अवधिमा अधिकांश होम-स्टे व्यवसायले कर्जाको ब्याज तिर्न कठिनाई भएको तथा आम्दानी गुमेकोले घरव्यवहार चलाउन कठिन भएको बताएका छन् ।*** त्यस्तै, व्यवसायीहरुले अन्य स्थानीय उत्पादन बिक्री गर्न नपाउँदा उत्पादन खेर गई आय आर्जनको बाटो गुमेको, यस प्रकारको महामारी निरन्तर रहेमा संस्कृति पनि लोप हुनसक्ने चिन्ता रहेको जस्ता समस्याहरु बताएका छन् ।

२२. ***सर्वेक्षणमा सहभागी अधिकांश पर्यटन व्यवसायीले पर्यटन क्षेत्रका लागि सहुलियत ब्याजमा ऋणको व्यवस्था तथा किस्ता तिर्ने म्याद थप गर्नुपर्ने माग गरेका छन् ।*** त्यस्तै, व्यवसायीहरुले आयकरमा सहुलियत, आन्तरिक पर्यटन प्रवर्द्धन, सर्वसाधारण जनतामा खोपको सहज आपूर्ति जस्ता सुविधाहरुको अपेक्षा गरेको देखिएको छ ।

२३. ***सर्वेक्षणमा अधिकांश होम-स्टे व्यवसायीहरुले आफ्नो व्यवसायलाई जोगाई राख्न सहुलियत दरमा कर्जा पाउनु पर्ने, कर्जाको साँवा र ब्याज तिर्ने अवधि थप गरिनु पर्ने, आन्तरिक पर्यटन***

***बढाउनका लागि छुट्टै प्याकेजको व्यवस्था गरिनु पर्ने बताएका छन्*** । त्यस्तै, पर्यटक आवागमनमा सहजताका लागि पूर्वाधार (पैदलमार्ग, इन्टरनेटको पहुँच) विस्तार गरिनुपर्ने, अतिथि सत्कारसम्वन्धी तालिम दिनुपर्ने, हस्तकला आदिको तालिम उपलव्ध गराई पर्यटकलाई आकर्षण गर्नसक्ने खालका सामाग्री उत्पादनको तालिम उपलव्ध गराउनु पर्ने एवम् यस्तै अन्य स्वरोजगार वृद्धि हुने खालका कार्यक्रमहरु ल्याउनु पर्ने जस्ता सुझावहरु दिएका छन् ।

# परिच्छेद १

# परिचय

## अध्ययनको पृष्ठभूमि

१.१ **सन् २०२० को शुरुवातसँगै विश्वभर फैलिएको कोभिड-१९ को महामारीले नेपालमा समेत अनपेक्षित मानवीय एवम् आर्थिक क्षति पुऱ्याएको छ** । उक्त महामारीबाट जनधनको क्षति न्यूनीकरण गर्न नेपाल सरकारले २०७६ चैत्र ११ देखि २०७७ साउन ६ गतेसम्म देशभर बन्दाबन्दी जारी गऱ्यो । उक्त अवधिभर आधारभूत क्रियाकलाप बाहेकका सबै आर्थिक क्रियाकलापहरु ठप्प भए । तत्पश्चात २०७७ मंसिर मसान्तसम्म स्थानीय सरकारले गरेको पूर्ण तथा आंशिक बन्दाबन्दीका कारण आर्थिक कृयाकलापहरु आंशिक रुपमा मात्रै सञ्चालन भए ।

१.२ **नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी २०७७ असारमा सार्वजनिक गरेको सर्वेक्षण प्रतिवेदन अनुसार बन्दाबन्दी अवधिमा मुलुकभर ६१ प्रतिशत उद्योग/व्यवसायहरु पूर्ण रुपमा बन्द रहेको पाइएको छ ।** उक्त प्रतिवेदनमा ३९ प्रतिशत उद्योग/व्यवसाय पूर्ण वा आंशिक रुपमा सञ्चालनमा रहेका, उद्योग/व्यवसायहरुले झण्डै एक चौथाइ कामदार/कर्मचारी कटौती गरेका, कामदार/कर्मचारीहरुको औसतमा १८.२ प्रतिशतले तलब कटौती भएको तथा उक्त अवधिमा ९६.७ प्रतिशत उद्योग/व्यवसायहरुको उत्पादन/कारोबार ७३.८ प्रतिशतले घटेको पाइएको छ । अधिकांश उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहनुले बन्दाबन्दीले अर्थतन्त्रमा गहिरो असर पारेको देखिन्छ । कोभिड १९ को महामारीको कारण आ.व. २०७६/७७ मा नेपाली अर्थतन्त्र २.१ प्रतिशतले संकुचन हुन गयो । कोभिडले खासगरी, खानी तथा उत्खनन, उत्पादनमूलक उद्योग, होटल तथा रेष्टुरेण्ट र यातायात, भण्डारण तथा सञ्चार क्षेत्रको वृद्धिदर नकारात्मक रहन गयो ।

१.३ **मुलुकमा गरिएको करिब आठ महिना लामो बन्दाबन्दी/निषेधाज्ञाबाट नेपालको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित बन्न पुग्यो ।** कोभिड–१९ को विश्वव्यापी महामारी शुरु भएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै पर्यटकहरुको आवागमनमा लगाइएको बन्देजको कारण पर्यटन क्षेत्र बढी प्रभावित हुन गएको हो । नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले गरेको सर्वेक्षणमा सबैभन्दा बढी होटल तथा रेष्टुरेन्ट क्षेत्रका उद्योग/व्यवसायहरु बन्द भएको, उक्त क्षेत्रमा सबैभन्दा धेरै (४० प्रतिशत) कर्मचारी/कामदार कटौती गरिएको तथा सबैभन्दा धेरै (३६.४ प्रतिशत) तलब कटौती गरिएको तथ्यले कोभिड १९ को पहिलो लहरमा पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको देखाएको छ ।

१.४ **पहिलो चरणको कोभिड–१९ को प्रकोप आ.व. २०७७/७८ को मध्यतिर कम हुँदै गएको परिस्थितिमा देशको अर्थतन्त्रले केही गति लिन थालेको थियो ।** बाह्य पर्यटकहरुको आवागमन नभएपनि लामो समय सम्म बन्दाबन्दीका कारण घुमफिर गर्न नपाएका स्वदेशी पर्यटकहरु घुमफिरमा रमाउन थालेका र अर्थतन्त्रका अन्य क्षेत्रका क्रियाकलापहरु पनि विस्तारै पुरानै लयमा फर्कन लागेको बेला आन्तरिक पर्यटन व्यवसाय केही बढ्न गएको थियो । तर पुनः कोभिड–१९ को दोस्रो लहरका कारण यस महामारीले राष्ट्रिय विपत्तिको रुप लिएको हुँदा पर्यटन व्यवसाय फेरि पनि प्रभावित हुने देखिएको छ ।

१.५ **कोभिड-१९ का कारण पर्यटन आवागमन र भ्रमण आयमा व्यापक संकुचन भएको देखिएको छ ।** विश्व पर्यटन संघका अनुसार सन् २०१९ मा ११ लाख ९७ हजार १ सय ९१ पर्यटक नेपाल भित्रिएकोमा सन् २०२० मा यस्तो संख्यामा ८०.८ प्रतिशतले संकुचन आई २ लाख ३० हजार ८५ रहेको छ । कोभिड-१९ को दोस्रो लहरका कारण अधिकांश ठाउँहरुमा निषेधाज्ञा लागू भएकोले पर्यटन क्षेत्रको अनुमानित बृद्धिदर हासिल हुन कठिन हुने देखिन्छ ।

१.६ **गण्डकी प्रदेशको प्रमुख संवाहकको रुपमा पर्यटन क्षेत्र रहेको छ ।** नेपाल आउने पर्यटकमध्ये करिब ४० प्रतिशत पर्यटक गण्डकी प्रदेशमा आउने तथ्य गण्डकी प्रदेशको प्रदेश नीति तथा योजना आयोगको प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदन अनुसार यस प्रदेशमा वार्षिक रुपमा आन्तरिक तथा बाह्य गरी करिब १० लाख पर्यटक भित्रिने गरेका छन् भने पर्यटकको औसत बसाई अवधि ५ दिन रहेको छ । विदेशी पर्यटकले प्रतिदिन ५४ अमेरिकी डलर र आन्तरिक पर्यटकले प्रतिदिन रु. ५,०००।- खर्च गर्ने गरेको पाइएको छ । गण्डकी प्रदेशमा पर्यटन क्षेत्रले प्रत्यक्ष, अप्रत्यक्ष गरी कुल रोजगारीको करिब १५ प्रतिशत र प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा करिब १० प्रतिशत योगदान पुऱ्याएको देखिन्छ । मुलुकको पर्यटन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा बाग्मती प्रदेशपछि गण्डकी प्रदेशको योगदान उच्च रहेको छ । आ.व. २०७७/७८ मा पर्यटन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको हिस्सा १७.५ प्रतिशत रहने अनुमान छ ।

१.७ **कोभिड–१९ बाट प्रभावित कृषि उद्यम, उत्पादनमुलक उद्योग तथा पर्यटन लगायतका सेवामुलक व्यवसायलाई जोगाउन, टिकाउन र सुचारु गर्न उद्यमी तथा व्यवसायीलाई निर्व्याजी कर्जा उपलव्ध गराउने प्रयोजनका लागि गण्डकी प्रदेश सरकारले "व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम" कार्यान्वयनमा ल्याएको छ ।** अधिकतम तीन वर्ष अवधिका लागि रु. ५० हजारदेखि १५ लाख सम्म प्रवाह हुने यस्तो कर्जाका लागि वाणिज्य बैंकहरुका ४०० भन्दा बढी शाखाहरुबाट ६७८० आवेदन परी रु.७.६७ अर्ब कर्जा माग भएकोमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले २०७७ चैत मसान्तसम्म रु. ४.५१ अर्ब कर्जा प्रवाह गर्नका लागि एकमुष्ट सहमति प्रदान गरेको छ ।

१.८ **कोभिड-१९ ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको आर्थिक प्रभावको आँकलन गर्न प्राथमिक तथ्याङ्कमा आधारित रही सुक्ष्म अध्ययन गर्न सान्दर्भिक देखिएकोले यो अध्ययन गरिएको छ ।** विशेषगरी बन्दाबन्दी अवधि तथा तत्पश्चात पर्यटन व्यवसायीहरुले के कस्ता समस्याहरु भोग्नु पऱ्यो ? सो अवधिमा पर्यटन व्यवसायीहरुले के कति आम्दानी गुमाउनु भयो ? पर्यटन क्षेत्रमा कति जना कर्मचारी/कामदारले रोजगारी गुमाए ? बन्दाबन्दी खुकुलो भएपश्चात पर्यटन आगमनको अवस्था कस्तो रहयो ? भन्ने विषयहरुको वृहत रुपमा विश्लेषण गर्न आवश्यक देखिएको छ । कोभिड-१९ (पहिलो लहर) को महामारी पश्चात् समस्यामा परेका पर्यटन व्यवसायीलाई सामान्य अवस्थामा फर्कन कति समय लाग्ला ? हाल व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने वित्तीय साधन कसरी जुटाइएको छ ? मौद्रिक नीतिमार्फत दिइएका छुट तथा सुविधाहरु के कतिले प्राप्त गरेका छन् ? प्रभावित व्यवसायीहरुले नेपाल सरकार, यस बैंक तथा अन्य सरोकारवाला निकायबाट आगामी दिनहरुमा के कस्ता राहत तथा सहुलियतको अपेक्षा राखेका छन् ? जस्ता विषयहरुमा उनीहरुको धारणा बुझ्न आवश्यक देखिएको सन्दर्भमा यो अध्ययन गरिएको हो । यस अध्ययनमा निम्न प्रश्नहरुलाई मुख्य अनुसन्धान प्रश्नको रुपमा लिइएको छ :

- कोभिड-१९ (पहिलो लहर) को महामारीले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा के कस्तो प्रभाव पारेको छ ?
- पर्यटन व्यवसायीहरुले मौद्रिक नीतिमार्फत् प्रदान गरिएका के कति छूट तथा सुविधाहरु प्राप्त गरेका छन् ?
- बन्दाबन्दी पश्चात व्यवसाय सञ्चालन तथा वित्तीय व्यवस्थापनका लागि के कस्ता रणनीतिहरु रहेका छन् ?
- पर्यटन क्षेत्रको पुनरुत्थानका लागि के कस्ता राहत तथा सहुलियतहरुको अपेक्षा गरिएका छन् ?

**अध्ययनका उद्देश्यहरु**

१.९ यस अध्ययनको प्रमुख उद्देश्य कोभिड–१९ (पहिलो लहर) का कारण गरिएको बन्दाबन्दीले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको आर्थिक प्रभाव अध्ययन गरी यस क्षेत्रको पुनरुत्थानको लागि आवश्यक सुझावहरु पेश गर्ने रहेको छ । बुँदागत रुपमा अध्ययनका उद्देश्यहरुलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

- कोभिड–१९ ले गण्डकी प्रदेशको पर्यटन व्यवसायमा पुऱ्याएको आर्थिक प्रभावको आकलन गर्ने,
- बन्दाबन्दी अघि, बन्दाबन्दी अवधिमा तथा बन्दाबन्दी खुकुलो भएपश्चातको अवधिमा पर्यटन व्यवसाय सञ्चालनको अवस्था पहिचान गर्ने,
- पर्यटन व्यवसायको पुनरुत्थानको लागि उपयुक्त सुझावहरु पेश गर्ने ।

**अध्ययनको औचित्य**

१.१० गण्डकी प्रदेशलाई पर्यटन व्यवसायको दृष्टिले उच्च सम्भावना भएको प्रदेशको रुपमा हेर्ने गरिन्छ । मुलुकको पर्यटन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको हिस्सा बागमती प्रदेशपछि सबैभन्दा बढी रहेको छ । यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई घुमफिरका लागि आकर्षण गर्ने धेरै पर्यटकीय स्थलहरु रहेका छन् । यस प्रदेशमा प्रमुख पर्यटकीय क्षेत्र पोखरा, संसारको सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचो ताल, संसारकै गहिरो गल्छी, हिमालपारीका जिल्लाहरु मनाङ र मुस्ताङ, मनोरम हिमश्रृंखलाहरु, साहसिक पदयात्रामार्ग (अन्नपूर्ण ट्रेकिङ रुट, मनास्लु रुट), विभिन्न तालतलैया, चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र (नवलपुर जिल्लातर्फ), रमणीय ग्रामीण वस्तीमा सञ्चालित होम-स्टेहरु रहेका छन् । पर्यटनको हिसाबले प्रचुर सम्भावना भएको यस प्रदेशमा कोभिड-१९ ले सबैभन्दा बढी प्रतिकूल प्रभाव पारेको अनुमान छ ।

१.११ नेपाल सरकारको सन् २०२० को **"राष्ट्रिय पर्यटन वर्ष"** लाई लक्षित गरी पर्यटन व्यवसायीहरुले उल्लेख्य लगानी बढाएका थिए । यद्यपि, कोभिड-१९ को प्रभावले पर्यटन वर्ष कार्यक्रम रद्द भई पर्यटक आवागमनमा बन्देज लाग्दा समग्र पर्यटन व्यवसाय लगभग ठप्प हुन पुगेको छ । २०७७ को असार मसान्तपछि नेपाल सरकारले बन्दाबन्दीलाई क्रमशः खुकुलो पार्दै लगेपछि यस प्रदेशका पर्यटकीय गतिविधिहरु पुनः सुचारु हुन थालेका थिए । यसरी कोभिड-१९ को महामारी अन्त्य भैनसकेको वर्तमान परिप्रेक्ष्यमा गण्डकी प्रदेशको पर्यटन व्यवसाय पूर्ण रुपमा सामान्य अवस्थामा फर्कन अझै २/३ वर्ष लाग्न सक्ने पर्यटन क्षेत्र सम्बद्ध व्यवसायीहरुको आँकलन रहेको छ ।

१.१२ बन्दाबन्दीले मुलुकको पर्यटन, उद्योग, व्यापार, व्यवसाय तथा वित्तीय क्षेत्रमा परेको असरलाई ध्यानमा राख्दै यस बैंक र नेपाल सरकारबाट सबैलाई सहज हुनेगरी केही राहतका कार्यक्रमहरु कार्यान्वयनमा आएका छन् । कोभिड-१९ बाट अर्थतन्त्रमा थप क्षति हुन नदिन अर्थतन्त्रमा परेको प्रभावलाई यस बैंकले सुक्ष्म अध्ययन पनि गरिरहेको छ । यसै क्रममा नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले **"कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षण"** र सोको दुईवटा पुनरावृत्ति सर्वेक्षण समेत सम्पन्न गरिसकेको छ । उक्त सर्वेक्षणहरुले मुलुकको समग्र अर्थतन्त्रमा परेको प्रभाव अर्थात राष्ट्रिय स्तरको असरलाई मात्र समेटेको छ । तसर्थ बन्दाबन्दी अवधिमा गण्डकी प्रदेशको पर्यटन व्यवसायमा के कति असर पर्‍यो ? बन्दाबन्दी खुकुलो भए पश्चात हालका दिनहरुमा पर्यटन व्यवसाय सञ्चालनको अवस्था कस्तो रहेको छ ? जस्ता विषयवस्तुमा केन्द्रित रही यो अध्ययन गरिएको छ । यस अध्ययन प्रतिवेदनबाट प्राप्त हुने जानकारीहरु पर्यटन व्यवसायमा परेको प्रभाव र आगामी दिनमा सम्बन्धित पक्षहरुले चाल्नुपर्ने थप कदमहरु पहिचान गर्न सहयोग पुग्ने आशा गरिएको छ ।

१.१३ कोभिड १९ महामारीको प्रभाव न्यूनीकरण गर्न नेपाल सरकारले गरेको बन्दाबन्दीबाट सिर्जित समस्याको परिणाम स्वरुप यस प्रदेशको पर्यटन व्यवसायमा ठूलो असर परेको अनुमान गरिएको छ । अतः पूर्ण बन्दाबन्दीको अवधि एवम् बन्दाबन्दी खुकुलो भएपश्चात् हालसम्मको अवधिमा गण्डकी प्रदेशमा संचालित होटल तथा रिसोर्टहरु, ट्राभल/ट्रेकिङ्ग एजेन्सीहरु, साहसिक पर्यटन व्यवसायहरु (प्याराग्लाईडिङ्ग, बन्जीजम्पिङ्ग, अल्ट्रालाईट) र होम-स्टे व्यवसायहरुमा कोभिड–१९ को कारणले पारेको प्रभावहरुको विश्लेषण गर्दै यस क्षेत्रको पुनरुत्थानको लागि सम्बन्धित क्षेत्रहरुबाट थप के हुनु वा गरिनु पर्ने हो सोको बारेमा पहिचान गरिएको छ ।

**अध्ययनका सीमाहरु**

१.१४ यो अध्ययनका सीमाहरु निम्नानुसार रहेका छन् :

- पर्यटकीय स्थल, पर्यटन व्यवसायको घनत्व तथा पर्यटक आवागमनका आधारमा प्रदेशका सात जिल्लाहरु (***कास्की, म्याग्दी, मुस्ताङ, तनहुँ, लमजुङ, मनाङ र नवलपरासी)*** र उक्त जिल्लाका प्रमुख पर्यटकीय स्थलहरुमा मात्र अध्ययन केन्द्रित गरिएको छ ।
- कोभिड-१९ (पहिलो लहर) पछि सर्वेक्षण अवधि सम्ममा पर्यटन क्षेत्रको आम्दानी तथा रोजगारीमा पुगेको असरलाई कोभिड-१९ (पहिलो लहर) को प्रभावको रुपमा लिइएको छ ।
- अध्ययनमा कोभिड-१९ (पहिलो लहर) ले आर्थिक प्रभाव मात्र समेटिएको छ । मानवीय तथा सामाजिक जस्ता गैर आर्थिक क्षेत्रमा पारेको प्रभावलाई अध्ययनमा समावेश गरिएको छैन ।

**प्रतिवेदनको ढाँचा**

१.१५ यो अध्ययन प्रतिवेदनलाई ५ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको सीमा र प्रतिवेदनको ढाँचा रहेको छ । दोस्रो परिच्छेदमा कृति समीक्षा रहेको छ । तेस्रो परिच्छेदमा अध्ययन विधि रहेको छ । चौंथो परिच्छेदमा तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण रहेको छ । पाँचौ परिच्छेदमा अध्ययनको निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# कृति समीक्षा

२.१ कोभिड-१९ को महामारीका कारण विश्वले मानवीय एवम् आर्थिक क्षति व्यहोर्नु परेको छ । अन्तराष्ट्रिय मुदा कोषको प्रतिवेदन अनुसार सन् २०२० मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले संकुचन भएको छ । सन् २०२० मा भारतको अर्थतन्त्र ८.० प्रतिशतले संकुचन भएको छ भने चीनको अर्थतन्त्रमा २.३ प्रतिशतले मात्र विस्तार भएको छ । कोषले सन् २०२१ मा विश्व अर्थतन्त्र ६ प्रतिशत, भारतको अर्थतन्त्र १२.५ प्रतिशत र चीनको अर्थतन्त्र ८.४ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ ।

२.२ विश्व पर्यटन संघका अनुसार सन् २०२१ को पहिलो त्रयमासमा सन् २०२० को सोही अवधिको तुलनामा विश्वभरी पर्यटन आगमन ८३ प्रतिशतले घटेको देखिन्छ ।

२.३ विश्व बैंक (२०२०) को **"कोभिड-१९ र दक्षिण एसियामा पर्यटन : दिगो क्षेत्रीय परिणामका लागि अवसर"** नामक प्रतिवेदनमा कोभिड-१९ ले दक्षिण एसियाको पर्यटन क्षेत्रको करिब ४७.७ मिलियन रोजगारीमा असर गरेको र त्यसमा कतिपय महिला तथा पिछडिएका (Vulnerable) समुदायले काम गर्ने अनौपचारिक क्षेत्र समेत रहेको उल्लेख छ । कोभिडका कारण पर्यटन क्षेत्रको कुल गार्हस्थ उत्पादनमा अमेरिकी डलर ५० मिलियन भन्दा बढी ह्रास आउने अनुमान गरिएको छ । साना तथा मझौला उद्योगलाई जोगाउन तथा रोजगारी सुरक्षित गर्न सरकारले आकस्मिक कार्यक्रमहरु पहिले नै अबलम्बन गरेको पाइएको उल्लेख छ । दक्षिण एसियाली मुलुकले सङ्कट उन्मुक्तिका लागि योजना बनाउँदा पर्यटन क्षेत्रलाई रणनीतिक रुपमा सोच्न र नीतिहरु कार्यान्वयन गर्दा पर्यटन उद्योगलाई सुधार गर्ने अवसरका रुपमा लिनुपर्ने कुरा प्रतिवेदनमा उल्लेख छ ।

२.४ केन्द्रीय तथ्याङ्क विभागले कोभिड-१९ को महामारीको कारण आ.व. २०७६/७७ मा नेपाली अर्थतन्त्र २.१२ प्रतिशतले संकुचन हुने जनाएको छ । कोभिडले खासगरी, खानी तथा उत्खनन, उत्पादनमूलक उद्योग, होटल तथा रेष्टुरेण्ट र यातायात, भण्डारण तथा सञ्चार क्षेत्रको वृद्धिदर नकारात्मक रहन गएको छ । कोभिड-१९ को दोस्रो लहरका कारण आर्थिक वर्ष २०७७/७८ मा अर्थतन्त्र ४.०१ प्रतिशतले मात्र विस्तार हुने विभागको अनुमान छ । कोभिड-१९ को कारण आ.व. २०७६/७७ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ऋणात्मक रहेको छ भने आर्थिक वर्ष २०७७/७८ मा ३.६ प्रतिशतले मात्र विस्तार हुने अनुमान विभागको रहेको छ । कोभिड-१९ को दोस्रो लहरले उद्यम व्यवसायहरु झनै थलिएका हुँदा उपरोक्तानुसारको आर्थिक वृद्धि हासिल गर्न कठिन हुने देखिन्छ ।

२.५ आर्थिक वर्ष २०७७/७८ मा आवास तथा खाद्य क्षेत्रले कुल ग्रार्हस्थ्य उत्पादनमा १.५६ प्रतिशत योगदान गरेको प्रारम्भिक अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको पर्यटन क्षेत्रको योगदान भने ३.३ प्रतिशत रहने अनुमान छ । मुलुकको पर्यटन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशपछि गण्डकी प्रदेशको योगदान उच्च रहेको छ । आ.व. २०७७/७८ मा पर्यटन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको हिस्सा १७.५ प्रतिशत रहने अनुमान छ ।

२.६ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको **"नेपाल पर्यटन तथ्याङ्क, २०१९"** नामक प्रतिवेदन अनुसार नेपालमा सन् २०१८ मा ११ लाख ७३ हजार पर्यटक र सन् २०१९ मा २.०१ प्रतिशतले वृद्धि भई ११ लाख ९७ हजार पर्यटक आएका थिए । उक्त प्रतिवेदन अनुसार

पर्यटकहरुको औसत बसाइ अवधि १२.७ दिन रहेको छ । अध्यागमन विभागका अनुसार सन् २०२० मा २ लाख ३० हजार विदेशी पर्यटकहरु नेपाल आएका छन् ।

२.७ नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले २०७७ जेठ २६ गतेदेखि असार १० गतेसम्म सम्पन्न गरेको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षणले बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी ४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा रहेको, ३५ प्रतिशत उद्योग/व्यवसाय आंशिक रुपमा सञ्चालनमा रहेको र ६१ प्रतिशत उद्योग/व्यवसायहरु पूर्ण रुपमा बन्द रहेको देखाएको थियो । सो सर्वेक्षणले कोभिड-१९ (पहिलो लहर) महामारी अगाडि २०७६ फागुनको तुलनामा २०७७ असारमा उद्योग/व्यवसायले औसतमा करिब २९ प्रतिशतमात्र उत्पादन/कारोबार गरेको, ७७.५ प्रतिशत मात्र रोजगारी प्रदान गरेको र ६३.४ प्रतिशत मात्र तलब–ज्यालामा खर्च गरेको देखाएको छ ।

२.८ नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले २०७७ मंसिरमा सम्पन्न गरेको कोभिड-१९ ले अर्थतन्त्रमा परेको प्रभाव सम्बन्धी पहिलो पुनरावृत्ति सर्वेक्षणले ५४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा रहेको, ३७ प्रतिशत उद्योग/व्यवसाय आंशिक रुपमा सञ्चालनमा रहेको र ९ प्रतिशत उद्योग/व्यवसायहरु पूर्ण रुपमा बन्दरहेको देखाएको थियो भने सो सर्वेक्षणले २०७६ फागुनको तुलनामा २०७७ मंसिरमा उद्योग/व्यवसायले औसतमा ५०.५ प्रतिशत उत्पादन/कारोबार गरेको, ८७.५ प्रतिशत रोजगारी प्रदान गरेको र ७०.४ प्रतिशत मात्र तलब-ज्यालामा खर्च गरेको देखाएको थियो ।

२.६ नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले २०७८ जेठमा सार्वजनिक गरेको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी दोस्रो पुनरावृत्ति सर्वेक्षण प्रतिवेदन अनुसार २०७७ असारको तुलनामा २०७८ बैशाखमा उद्योग/व्यवसाय सञ्चालनमा उल्लेख्य सुधार देखिएको छ । गत असारको तुलनामा उद्योग/व्यवसायहरुको उत्पादन एवम् कारोबारको अवस्था तथा रोजगारीको अवस्थामा समेत सुधार आएको देखिन्छ । यद्यपि, अझै पनि कोभिड-१९ पूर्व २०७६ फागुनको अवस्थामा भने उद्योग/व्यवसायहरु पुग्न सकेको देखिँदैन । हाल कोभिड-१९ महामारीको दोस्रो लहरसँगै अधिकांश जिल्लाहरुमा २०७८ बैशाख १६ गतेदेखि निषेधाज्ञा जारी रहेकोले विस्तारै सुधार हुन लागेको अर्थतन्त्र पुनः प्रभावित हुन जाने देखिएको छ । कोभिड १९ (दोस्रो लहर) को संक्रमण रोक्ने उपायहरु अवलम्बन गरेर यथासम्भव छिटो आर्थिक गतिविधिहरु चलयामान बनाइनु पर्ने खाँचो प्रतिवेदनमा औंल्याइएको छ ।

२.७ कोभिड-१९ (पहिलो लहर) ले पर्यटन क्षेत्रमा पारेको प्रभाव सम्बन्धी विभिन्न कृतिहरुको समीक्षा गर्दा कोभिड-१९ ले मुलुकको समग्र अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययनहरु गरिएका छन् । कोभिड-१९ ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अलग्गै अध्ययनहरु भएको देखिंदैन । गण्डकी प्रदेश पर्यटकीय हिसाबले झनै महत्वपूर्ण रहेकोले महामारीले यस प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव सम्बन्धी वृहत रुपमा अध्ययन तथा अनुसन्धान गर्नु जरुरी छ । तसर्थ यस अध्ययनले उक्त खाडल (Gap) लाई पूर्ति गर्ने प्रयत्न गरेको छ । यस अध्ययनले प्रदेशको पर्यटन क्षेत्रमा परेको आर्थिक प्रभाव लगायत पर्यटन क्षेत्रबाट सिर्जित रोजगारीमा परेको असरको आकलन गर्दै पर्यटन क्षेत्रको पुनरुत्थान गर्न सरोकारवाला व्यक्ति तथा निकायहरुबाट महत्वपूर्ण सुझावहरु संकलन गरिएको छ ।

# परिच्छेद ३

# अध्ययन विधि

## पृष्ठभूमि

३.१ यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतबाट तथ्याङ्क, विवरण एवम् जानकारीहरु संकलन गरिएको छ । प्राथमिक स्रोतको रुपमा गण्डकी प्रदेशका पर्यटन व्यवसायीहरुसँग प्रश्नावली सर्वेक्षणको माध्यमबाट आवश्यक तथ्याङ्क तथा जानकारी संकलन गरिएको छ । द्वितीयक स्रोतको रुपमा गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, पर्यटन कार्यालय, प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य मन्त्री कार्यालयहरुबाट प्रकाशित प्रतिवेदन, स्वदेशी/विदेशी अध्ययन एवम् लेख, रचना आदिबाट आवश्यक तथ्याङ्क तथा जानकारी संकलन गरिएको छ ।

## स्थलगत सर्वेक्षणको लागि नमुना छनौट

३.२ यो अध्ययनमा प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि पर्यटन व्यवसायलाई प्रकृतिका आधारमा (क) होटल तथा रिसोर्ट (ख) रेष्टुरेण्ट तथा बार (ग) साहसिक पर्यटन (प्याराग्लाईडिङ कम्पनीहरु, अल्ट्रालाईट कम्पनी, हट एयर बलुन कम्पनी, बन्जीजम्प कम्पनी), (घ) टुर्स तथा ट्राभलर्स एजेन्सी (ङ) ट्रेकिङ एजेन्सी र (च) होम-स्टे गरी छ समूह (Strata) मा विभाजन गरिएको छ ।

३.३ पर्यटकीय स्थल, पर्यटन व्यवसायको घनत्व तथा पर्यटक आगमनको आधारमा प्रदेशका ११ जिल्लाहरुमध्ये कास्की, म्याग्दी, मुस्ताङ, तनहुँ, लमजुङ, मनाङ र नवलरासी गरी ७ जिल्ला नमुनाको रुपमा छनौट गरिएको छ ।

३.४ नमुनाको रुपमा छनौट गरिएका जिल्लाहरुमा सम्वन्धित कार्यालयमा दर्ता भएका तथा सम्वन्धित जिल्लाका व्यवसायी संघहरुमा आबद्ध भएका व्यवसायहरुलाई स्थलगत सर्वेक्षण प्रयोजनका लागि लक्षित जनसंख्या (Target Population) मानिएको छ । प्रत्येक समूहको लक्षित जनसंख्या देहाय अनुसार कायम गरिएको छ :

| समूह | दर्ता भएको कार्यालय/व्यवसायी संघ तथा सञ्चालन जिल्ला | लक्षित जनसंख्या | कैफियत |
|---|---|---|---|
| होटल तथा रिसोर्ट | पर्यटन कार्यालय पोखरा, गण्डकी प्रदेशमा दर्ता भएका तथा नमुना जिल्लाहरुका होटल व्यवसायी संघहरुमा आबद्ध भएका पर्यटक स्तरीय होटल तथा रिर्सोट | १२६७ | सबै नमुना जिल्लाहरु समावेश गरिएको |
| रेष्टुरेण्ट तथा बार | पर्यटन कार्यालय पोखरा, गण्डकी प्रदेशमा दर्ता भएका तथा नमुना जिल्लाहरुका रेष्टुरेण्ट एण्ड बार एसोसियसनमा आबद्ध रेष्टुरेन्ट तथा बार व्यवसायहरु | ८७ | सबै नमुना जिल्लाहरु समावेश गरिएको |
| साहसिक पर्यटन (प्याराग्लाईडिङ, अल्ट्रालाईट, हट एयर बलुन कम्पनीहरु) | पर्यटन कार्यालय पोखरा, गण्डकी प्रदेशमा दर्ता भएका तथा कास्की जिल्लामा सञ्चालित साहसिक व्यवसायहरु | ७१ | कास्की जिल्ला मात्र समावेश गरिएको (कास्की बाहेक अन्य जिल्लाहरुमा यस्ता व्यवसायहरुको उपस्थिति |

| | | | |
|---|---|---|---|
| | | | नगन्य रहेको) |
| ट्रेकिङ एजेन्सी | पर्यटन कार्यालय पोखरा, गण्डकी प्रदेशमा दर्ता भएका तथा कास्की जिल्लामा सञ्चालित ट्रेकिङ एजेन्सीहरु | १८१ | कास्की जिल्ला मात्र समावेश गरिएको (कास्की बाहेक अन्य जिल्लाहरुमा यस्ता व्यवसायहरुको उपस्थिति नगन्य रहेको) |
| टुर्स तथा ट्राभलर्स एजेन्सी | पर्यटन कार्यालय पोखरा, गण्डकी प्रदेशमा दर्ता भएका तथा कास्की जिल्लामा सञ्चालित टुर्स तथा ट्राभलर्स एजेन्सीहरु | ३७० | कास्की जिल्ला मात्र समावेश गरिएको (कास्की बाहेक अन्य जिल्लाहरुमा यस्ता व्यवसायहरुको उपस्थिति नगन्य रहेको) |
| होम-स्टे | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशमा दर्ता भई नमुना जिल्लाहरुमा सञ्चालित होम-स्टेहरु | ५३४ | सबै नमुना जिल्लाहरु समावेश गरिएको |
| कुल संख्या | | २५१० | |

३.५ कुल लक्षित जनसंख्याबाट Krejcie & Morgan को सूत्र प्रयोग गरी देहाय अनुसार न्यूनतम नमुना संख्या निर्धारण गएिको छ :

$$S = \frac{X^2 NP\ (1-P)}{d^2(N-1) + X^2 P(1-P)}$$

जहाँ,

s = required sample size

$X^2$ = table value of chi-square for 1 degree of freedom at the desired confidence level of 95 percent. (3.841)

N = population size.

P = population proportion (assumed to be 0.50 since this would provide the maximum sample size)

d = degree of accuracy expressed as a proportion (.05)

३.६ नमुना जिल्लाहरुमा रहेका पर्यटन व्यवसायहरुको संख्यात्मक भारको आधारमा लक्षित जनसंख्याको १० प्रतिशत वा न्यूनतम २५ नघट्ने गरी Convenient Sampling विधि प्रयोग गरी देहाय बमोजिम नमुना छनौट गरिएको छ (तालिका १)।

### तालिका १: समूहगत नमुना संकलन विवरण

| समूह | लक्षित जनसंख्याको हिस्सा (प्रतिशत) | सूत्रानुसारको नमुना संख्या | अध्ययनको नमुना संख्या |
|---|---|---|---|
| होटल तथा रिसोर्ट | ५०.५ | १६८ | १८५ |
| रेष्टुरेण्ट तथा बार | ३.६ | १२ | २५ |
| साहसिक पर्यटन | २.७ | ९ | ३० |
| ट्रेकिङ्ग एजेन्सी | ७.२ | २४ | २५ |
| टुर्स तथा ट्राभलर्स एजेन्सी | १४.७ | ४९ | ३७ |
| होम-स्टे | २१.३ | ७१ | ५४ |
| कुल संख्या | १००.० | ३३३ | ३५६ |

३.७ होटल तथा रिसोर्टको हकमा नमुनामा परेका सबै जिल्लाहरुबाट Convenient Sampling विधि प्रयोग गरी नमुना छनौट गरिएको छ । रेष्टुरेन्ट तथा बार मात्रै व्यवसाय गर्ने व्यवसायीहरु कास्की, मनाङ र मुस्ताङ जिल्लाबाट छनौट गरिएको छ । होम-स्टेहरुका हकमा कास्की जिल्लाबाहेकका बाँकी नमुना जिल्लाहरुबाट Convenient Sampling विधि प्रयोग गरी नमुना छनौट गरिएको छ । जिल्लागत नमुना संकलनको विवरण तालिका २ मा दिइएको छ ।

### तालिका २: जिल्लागत नमुना संख्या विवरण

| जिल्ला | होटल तथा रिसोर्ट | रेष्टुरेण्ट तथा बार | साहसिक पर्यटन व्यवसाय | ट्रेकिङ एजेन्सी | टुर्स एण्ड ट्राभलर्स एजेन्सी | होम-स्टे (घरधुरी संख्या) | जम्मा नमुना संख्या |
|---|---|---|---|---|---|---|---|
| कास्की | १०२ | १८ | ३० | २५ | ३७ | - | २१२ |
| तनहुँ | १० | - | - | - | - | १३ | २३ |
| लमजुङ्ग | १० | - | - | - | - | १५ | २५ |
| मनाङ्ग | १५ | ५ | - | - | - | - | २० |
| म्याग्दी | २० | - | - | - | - | १३ | ३३ |
| मुस्ताङ्ग | १८ | २ | - | - | - | - | २० |
| नवलपरासी | १० | - | - | - | - | १३ | २३ |
| **जम्मा नमुना संख्या** | १८५ | २५ | ३० | २५ | ३७ | ५४ | ३५६ |

३.८ स्थलगत सर्वेक्षण दुई चरणमा सम्पन्न गरिएको थियो । पहिलो चरणमा २०७७ माघ ०५ देखि माघ २६ सम्म छ वटा नमुना जिल्लाहरुमा र दोस्रो चरणमा २०७८ बैशाख ११ देखि १४ सम्म मनाङ जिल्लामा स्थलगत सर्वेक्षण गरिएको थियो ।

३.९ उत्तरदाताहरुको विस्तृत विश्लेषण परिच्छेद ४ मा समावेश गरिएको छ ।

# परिच्छेद ४

# तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण


## परिचय

४.१ यस परिच्छेदको पहिलो खण्डमा उत्तरदाताहरुको विश्लेषण गरिएको छ । दोस्रो खण्डमा होटल तथा रिसोर्ट, रेष्टुरेण्ट तथा बार, साहसिक पर्यटन व्यवसाय, ट्रेकिङ एजेन्सी र टुर्स एण्ड ट्राभलर्स एजेन्सीहरुको प्रत्युत्तरको विश्लेषण गरिएको छ भने तेस्रो तथा अन्तिम खण्डमा होम-स्टे व्यवसायीहरुको प्रत्युत्तरको विश्लेषण गरिएको छ ।

## सर्वेक्षणमा सहभागी उत्तरदाताहरुको वर्गीकरण

४.२ यस सर्वेक्षणमा गण्डकी प्रदेशका ३५६ पर्यटन व्यवसायीहरुको सहभागिता रहेको छ । होटल तथा रिसोर्टबाट सर्वाधिक ५२ प्रतिशत नमुना संकलन गरिएको छ । त्यसपछि क्रमशः होम-स्टेबाट १५.२ प्रतिशत, टुर्स एण्ड ट्राभलर्स एजेन्सीबाट १०.४ प्रतिशत, साहसिक पर्यटन व्यवसायबाट ८.४ प्रतिशत, रेष्टुरेण्ट तथा बार र ट्रेकिङ एजेन्सीबाट ७/७ प्रतिशत नमुना संकलन गरिएको छ ।


**चार्ट १ : पर्यटन व्यवसायको विवरण**




४.३ सर्वेक्षणमा अधिकांश होटल तथा रिसोर्ट र रेष्टुरेण्ट तथा बार व्यवसायले पर्यटनसँग सम्बन्धित अन्य व्यवसाय समेत गरेको पाइएको छ । नमुना संकलन गरिएका होटल तथा रिसोर्टहरुमध्ये ६९.७ प्रतिशत होटल तथा रिसोर्टले रेष्टुरेण्ट तथा बार व्यवसाय, १ प्रतिशतले साहसिक पर्यटन व्यवसाय, १ प्रतिशतले ट्रेकिङ व्यवसाय र २ प्रतिशतले ट्राभलर्स एजेन्सी व्यवसाय समेत सञ्चालन गरेको पाइएको छ । नमुना संकलन गरिएका रेष्टुरेन्ट तथा बारहरुमध्ये ६० प्रतिशतले होटल व्यवसाय समेत गरेको पाइएको छ ।

४.४ सर्वेक्षणमा समावेश गरिएका सात जिल्लाहरु मध्ये कास्की जिल्लाबाट सर्वाधिक ५९.६ प्रतिशत तथा तनहुँ र नवलपरासी जिल्लाबाट सबैभन्दा कम ५.६ प्रतिशत पर्यटन व्यवसायीहरुको सहभागिता रहेको छ ।

**चार्ट २ : पर्यटन व्यवसायको जिल्लागत नमुना विवरण**





## पर्यटन व्यवसायीहरु (होम-स्टे बाहेक) को स्थलगत सर्वेक्षण

### व्यवसाय सञ्चालनको अवस्था

४.५ सर्वेक्षणमा सहभागी पर्यटन व्यवसायीहरु मध्ये बन्दाबन्दी अवधिमा ९७.९ प्रतिशत व्यवसाय पूर्णरुपमा बन्द भएकोमा बन्दाबन्दी पश्चात सो संख्या १३.२ प्रतिशतमा झरेको पाइएको छ । बन्दाबन्दी अवधिमा १.८ प्रतिशत व्यवसायहरु आंशिक रुपमा सञ्चालन भएकोमा बन्दाबन्दी पश्चात यस्तो व्यवसायको संख्या ८५.४ प्रतिशत पुगेको पाइएको छ ।

**चार्ट ३ : व्यवसाय सञ्चालनको अवस्था**



४.६ बन्दाबन्दी अवधिमा आंशिक रुपमा सञ्चालन भएका पर्यटन व्यवसायले सामान्य समयको तुलनामा ०.३ प्रतिशत कारोबार गरेकोमा बन्दाबन्दी पश्चात यस्तो कारोबार १४.१ प्रतिशत पुगेको पाइएको छ । बन्दाबन्दी अवधिमा पूर्ण रुपमा बन्द गरेका उद्यम व्यवसायहरु औसतमा २३२ दिन बन्द भएको पाइएको छ ।

**कर्मचारी/कामदार कटौतीको अवस्था**

४.७ सर्वेक्षणमा संलग्न पर्यटन व्यवसायमा बन्दाबन्दी अघि कार्यरत कुल कर्मचारी/कामदार मध्ये अस्थायी/ज्यालादारी कामदारको हिस्सा ९०.५ प्रतिशत रहेको पाइयो । बन्दाबन्दीको कारणले ५३.०१ प्रतिशत कर्मचारी/कामदारले रोजगारी गुमाएको पाइयो । यसरी रोजगारी गुमाउनेमा अस्थायी/ज्यालादारी कर्मचारीको प्रतिशत ८९.५ रहेको छ । बन्दाबन्दी अवधिमा सामान्य समयको तुलनामा १९.४ प्रतिशत मात्र कर्मचारी/कामदार कार्यरत रहेकोमा बन्दाबन्दी पश्चात सुधार भई यस्तो संख्या ४६.९९ प्रतिशत पुगेको छ ।

**तालिका ३: पर्यटन व्यवसायमा कर्मचारी/कामदारको अवस्था**

| विवरण | कुल कर्मचारी संख्या | अस्थायी/ज्यालादारीको हिस्सा (प्रतिशत) |
|---|---|---|
| बन्दाबन्दी अघि कार्यरत संख्या | २२७३ | ९०.५ |
| बन्दाबन्दी अवधिमा कार्यरत संख्या | ४४० | ८४.८ |
| बन्दाबन्दी पश्चात कार्यरत संख्या | १०६८ | ९१.४ |
| बन्दाबन्दीका कारणले कटौती भएका संख्या | १२०५ | ८९.५ |


**तलब सुविधाको अवस्था**

४.८ बन्दाबन्दी अवधिमा सर्वेक्षणमा संलग्न पर्यटन व्यवसायहरुमा कर्मचारी/कामदारको तलब सुविधा औसतमा ५७.३ प्रतिशतले कटौती गरेको पाइएको छ । बन्दाबन्दी पश्चात सामान्य समयको तुलनामा ६३.६ प्रतिशत तलब सुविधा दिएको पाइएको छ ।

**कर्मचारी व्यवस्थापनको अवस्था**

४.९ सर्वेक्षणमा संलग्न पर्यटन व्यवसायहरु मध्ये बन्दाबन्दी अवधिमा ५०.९ प्रतिशतले बेतलबी विदा दिएको, २५.१ प्रतिशतले आंशिक तलब तथा सुविधा दिएको छ । बन्दाबन्दी पश्चात पनि ३४.३ प्रतिशत व्यवसायहरुले बेतलबी विदा, ३०.८ प्रतिशतले आंशिक तलब तथा सुविधा दिइएको छ । त्यसैगरी बन्दाबन्दी अवधिमा १३.६ प्रतिशत र बन्दाबन्दी पश्चात १४.७ प्रतिशत व्यवयसायले कर्मचारीलाई रोजगारीबाट हटाएको पाइएको छ । घरमै बसेर काम गर्नसक्ने व्यवस्था मिलाउने व्यवसायहरु नगन्य रहेको पाइएको छ ।


**चार्ट ४ : कर्मचारी व्यवस्थापनको अवस्था**




### आय नोक्सानीको अवस्था

४.१० बन्दाबन्दी शुरु भएदेखि सर्वेक्षण अवधिसम्ममा सर्वेक्षणमा संलग्न व्यवसायीहरुमध्ये सबैभन्दा धेरै (रु. १ करोड भन्दा बढी) गुमाउने व्यवसायीहरु ६.१ प्रतिशत र सबैभन्दा कम (रु. ३ लाखसम्म) गुमाउने व्यवसायीहरु ३.९ प्रतिशत रहेको पाइएको छ । सर्वाधिक ३३.६ प्रतिशत व्यवसायले रु. १० लाखदेखि २० लाखसम्म, २२.९ प्रतिशतले रु. २० लाखदेखि ५० लाखसम्म र २१.४ प्रतिशतले रु.३ लाखदेखि १० लाखसम्म गुमाएका छन् । सर्वेक्षणमा रु.५० लाखसम्म गुमाउने व्यवसायीहरुको संख्या ८१.८ प्रतिशत रहेको पाइएको छ । कुनै पनि आम्दानी नगुमाएका व्यवसायीहरुको संख्या भने ०.४ प्रतिशत रहेको छ ।


**चार्ट ५ : बन्दाबन्दीका कारण सर्वेक्षण अवधिसम्म गुमाएको आम्दानी**



### बन्दाबन्दी पश्चात वित्तीय साधनको व्यवस्था

४.११ बन्दाबन्दी पछि व्यवसाय सञ्चालनका लागि सर्वाधिक ३६.५ प्रतिशतले आफ्नै सञ्चित रकमको उपयोग गरेर, २८.३ प्रतिशतले बैंक वित्तीय संस्थाबाट ऋण लिएर र १९.७ प्रतिशतले साथीभाइबाट सापटी लिएर आवश्यक वित्तीय साधनको जोहो गरेको पाइएको छ । सहकारीबाट ऋण लिनेको संख्या ७.५ प्रतिशत पाइएको छ भने आफ्नो चल अचल सम्पत्ति बेचेर रकम व्यवस्थापन गर्नेको संख्या ६.७ प्रतिशत रहेको पाइएको छ । सर्वेक्षणमा १.३ प्रतिशत व्यवसायीले थप वित्तीय साधन आवश्यक नपरेको भन्ने जवाफ दिएको पाइएको छ ।


**चार्ट ६ : व्यवसाय सञ्चालनको लागि वित्तीय साधनको व्यवस्थापन**




### ब्याज छुट प्राप्तिको अवस्था

४.१२ सर्वेक्षणमा संलग्न व्यवसायहरु मध्ये ५६.४ प्रतिशतले कोभिड-१९ को (पहिलो लहर) शुरु हुनु अघि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको पाइएको छ । उक्त ऋणीहरुमध्ये ७०.९ प्रतिशतले गत आ.व.को चौथो त्रयमासमा बैंक/वित्तीय संस्थाहरुबाट प्रदान गरिएको २ प्रतिशत ब्याज छुट सुविधा पाएको र बाँकी २९.१ प्रतिशतले सो सुविधा नपाएको बताएका छन् ।

**चार्ट ७ : बैंक, वित्तीय संस्थाबाट प्रदान गरिएको ब्याज छुट सुविधा पाए/नपाएको**




**मौद्रिक नीति २०७७/०७८ ले प्रदान गरेको छुट/सुविधा उपयोगको अवस्था**

४.१३ आ.व. २०७७/०७८ को मौद्रिक नीतिमार्फत प्रदान गरिएका सुविधा उपयोगको सम्बन्धमा सर्वेक्षणमा संलग्न कर्जा सुविधा उपयोग गरेका व्यवसायहरु मध्ये ३०.४ प्रतिशतले पुनरकर्जा सुविधा, २४.७ प्रतिशतले कर्जा भुक्तानी अवधिको म्याद थप सुविधा र ८.२ प्रतिशतले चालु पूँजी कर्जा सुविधा उपयोग गरेको पाइएको छ । कर्जाको पुनरतालिकीकरण/पुनरसंरचना सुविधा उपयोग गर्ने व्यवसायको संख्या १.९ प्रतिशत पाइएको छ । सर्वेक्षणमा ३९.९ प्रतिशत व्यवसायले कुनै पनि सुविधा नपाएको बताएका छन् । सुविधा नपाउनुका कारणमा अधिकांशले यस प्रकारको सुविधा सम्बन्धी जानकारी आफूलाई थाहा नभएको उल्लेख गरेका छन् । यस विश्लेषणमा एक भन्दा बढी विकल्प छनौट गर्न सक्ने व्यवस्था रहेकोले संख्यात्मक प्रतिशत सतप्रतिशत भन्दा बढी हुन गएको हो ।

**तालिका ४ : मौद्रिक नीति २०७७/०७८ मार्फत प्राप्त छूट सुविधाको उपयोग**

| मौद्रिक नीति २०७७/०७८ ले प्रदान गरेका छूट सुविधा | छूट सुविधा (प्रतिशत) |
|---|---|
| पुनरकर्जा | ३०.४ |
| चालु पूँजी कर्जा | ८.२ |
| कर्जा भुक्तानी अवधिको म्याद थप | २४.७ |
| कर्जाको पुनरतालिकीकरण/पुनरसंरचना | १.९ |
| ग्रेस अवधि थप गर्ने सुविधा | ६.३ |
| कुनै पनि सुविधा नपाएको | ३९.९ |
| सुविधाहरु आवश्यक नपरेको | २.५ |

**सरकारबाट प्राप्त गरेको छुट/सुविधा उपयोगको अवस्था**

४.१४ सर्वेक्षणमा संलग्न व्यवसायहरुमध्ये २.६ प्रतिशतले मात्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्रदान गरिएका छूट तथा सुविधाहरु प्राप्त गरेको बताएका छन् । सुविधा नपाएको भन्ने अधिकांश व्यवसायीहरुले यस प्रकारको सुविधा उपलब्ध गराएको थाहा नपाएको बताएका छन् ।

**व्यवसाय सञ्चालनका सम्वन्धमा भावी योजना**

४.१५ सर्वेक्षणमा संलग्न व्यवसायहरुमध्ये सर्वाधिक ८३.९ प्रतिशतले अहिलेको व्यवसायलाई निरन्तरता दिने बताएका छन् भने २.९ प्रतिशतले हालको व्यवसाय बन्द गर्न चाहेको बताएका छन् । सर्वेक्षणमा १.८ प्रतिशत व्यवसायीले नयाँ साझेदार खोज्ने, १.४ प्रतिशतले व्यवसायको आकार घटाउने, ४.६ प्रतिशतले नयाँ व्यवसाय सुरु गर्ने, ३.२ प्रतिशतले व्यवसाय बिक्री गर्न चाहेको र २.१ प्रतिशतले व्यवसायको आकार बढाउन चाहेको बताएका छन् ।

**तालिका ५ : व्यवसाय सञ्चालनका सम्बन्धमा भविष्यको योजना**

| भविष्यको योजना | व्यवसायको संख्या (प्रतिशत) |
|---|---|
| अहिलेको व्यवसायलाई निरन्तरता दिने | ८३.९ |
| नयाँ साझेदार खोजी | १.८ |
| व्यवसायको आकार घटाउने | १.४ |
| नयाँ व्यवसाय शुरु गर्ने | ४.६ |
| व्यवसाय बन्द गर्ने | २.९ |
| व्यवसाय बिक्री गर्ने | ३.२ |
| व्यवसायको आकार बढाउने | २.१ |

**सेवाग्राहीको अवस्था**

४.१६ बन्दाबन्दीको अवधिमा व्यवसाय प्रायः बन्द रहेको पाइएको छ । बन्दाबन्दी अघि प्रति व्यवसाय औसत २७ जना सेवाग्राहीले दैनिक सेवा लिने गरेकोमा बन्दाबन्दी पश्चात यस्तो संख्या करिब ६ जना मात्र रहेको पाइएको छ ।

४.१७ बन्दाबन्दी अघि पर्यटन व्यवसायबाट सेवा लिने स्वदेशी पर्यटक ४५.६ प्रतिशत रहेकोमा बन्दाबन्दी पश्चात ९७.८ प्रतिशत रहेको पाइएको छ । सोही अनुरुप बन्दाबन्दी अघि व्यवसायबाट सेवा लिने विदेशी पर्यटक ५४.४ प्रतिशत रहेकोमा बन्दाबन्दी पश्चात २.२ प्रतिशत मात्र रहेको पाइयो ।

**सामान्य अवस्थामा फर्किन लाग्ने अवधि**

४.१८ सर्वेक्षणमा संलग्न व्यवसायीहरुले पर्यटन व्यवसाय सामान्य अवस्थामा फर्किन २ वर्ष लाग्ने बताएका छन् ।

**स्वास्थ्य सुरक्षाका उपायहरु**

४.१९ कोभिड-१९ बाट आफू र आफ्नो कर्मचारीको सुरक्षाको लागि सर्वेक्षणमा संलग्न अधिकांश पर्यटन व्यवसायीहरुले नियमित स्यानिटाइजर र मास्कको प्रयोग तथा भौतिक दूरी कायम गर्ने गरेको उल्लेख गरेका छन् । पि.सि.आर. परिक्षण गर्ने व्यवसायीहरुको संख्या भने नगन्य रहेको पाइएको छ । सर्वेक्षणमा संलग्न व्यवसायीहरुमध्ये २ प्रतिशत व्यवसायीले स्वास्थ्य सुरक्षाका कुनै पनि उपायहरु नअपनाएको उल्लेख गरेका छन् ।

**पर्यटन व्यवसायले भोगेका प्रमुख समस्याहरु**

४.२० कोभिड-१९ को महामारी र यसका कारणले भएको बन्दाबन्दीमा व्यवसायीले भोगेका प्रमुख समस्याहरु :

- अधिकांशले आम्दानीको मुख्य स्रोत गुमेको,
- कर्मचारी व्यवस्थापनमा समस्या रहेको,
- चालु पुँजीका लागि स्रोत अभाव भएको,
- कर्जाको सावाँ ब्याज समयमा बुझाउन कठिनाई भएको,
- व्यवसाय निरन्तरताको लागि चल/अचल सम्पत्ति बिक्री गर्नु परेको
- पर्यटन व्यवसायमा गरिएको लगानीको सुरक्षा नभएको जस्ता समस्याहरु उल्लेख गरेका छन् ।

**व्यवसायलाई सामान्य अवस्थामा फर्काउन गर्नुपर्ने सुधारहरु**

४.२१ आफ्नो उद्यम/व्यवसाय सामान्य अवस्थामा फर्काउन नेपाल राष्ट्र बैंक एवम् सरकारी वा अन्य निकायबाट के कस्तो प्रयास हुनुपर्छ भन्ने सन्दर्भमा देहाय बमोजिमका सुझावहरु दिएका छन् :

- पर्यटन व्यवसायलाई जोगाई राख्न सबै नागरिकलाई सहज रुपमा कोभिड-१९ विरुद्धको खोपको व्यवस्था गरिनु पर्ने,
- नेपाल सरकार तथा सम्बन्धित निकायबाट राहतका प्याकेजको व्यवस्था गरिनु पर्ने,
- कर्जाको साँवा र ब्याज तिर्ने अवधि थप गरिनु पर्ने,
- आन्तरिक पर्यटन बढाउनका लागि छुट्टै प्याकेजको व्यवस्था गरिनु पर्ने,
- विदेशी पर्यटकहरुलाई नेपाल सुरक्षित रहेको छ भन्ने सन्देश दिने खालका प्रचार प्रसार गरिनुपर्ने,
- पर्यटन व्यवसायीहरुलाई कर छुटको व्यवस्था तथा रोजगारी गुमेका कामदारहरुलाई समेट्ने गरी स्वरोजगार सम्बन्धी कार्यक्रमहरु ल्याउनु पर्ने ।


## होम-स्टेको स्थलगत सर्वेक्षण

### औसत क्षमता तथा संलग्न परिवार

४.२२ सर्वेक्षणमा संलग्न ५४ होम-स्टेहरुको औसत क्षमता ८ जना रहेको पाइएको छ । साथै, प्रति होम-स्टे औसतमा ४ जना परिवारका सदस्यहरु संलग्न रहेको पाइएको छ ।

४.२३ सर्वेक्षणमा होम-स्टे सञ्चालन गर्न प्रेरित हुनुका कारणका सम्वन्धमा सोधिएको प्रश्नमा आफैंले केही गर्नुपर्ने भावना जागेर भन्नेमा ६८.५ प्रतिशत, अरुले होम-स्टे सञ्चालन गरेको देखेर भन्नेमा १४.८ प्रतिशत र अन्य कारणले भन्नेमा १६.७ प्रतिशत परिवार रहेको पाइएको छ ।

**चार्ट ८ : होम-स्टे सञ्चालन गर्न प्रेरित हुनुको कारण**





४.२४ सर्वेक्षण गरिएका होम-स्टेहरुमा ६८.५ प्रतिशत परिवार अन्य पेशा (कृषि, किराना पसल, शिक्षण, वैदेशिक रोजगार, यातायात व्यवसाय आदि) मा आबद्ध रहेको पाइएको छ । अन्य पेशाबाट होम-स्टे व्यवसायलाई सञ्चालन गर्न सहयोग गर्ने गरेको छ भन्ने होम-स्टेको संख्या ९५ प्रतिशत रहेको पाइएको छ ।

### आवश्यक खाद्यान्न सामाग्रीको व्यवस्था

४.२५ होम-स्टे सञ्चालनका लागि आवश्यक खाद्यान्न सामाग्रीहरु जुटाउने सम्बन्धमा सोधिएको प्रश्नमा स्व-उत्पादन गर्नेमा २४ प्रतिशत, स्थानीय बजारबाट खरिद गर्नेमा ४ प्रतिशत र केही स्व-उत्पादन र केही खरिद गर्ने भन्नेमा ७२ प्रतिशत रहेको पाइएको छ ।


### चार्ट ९ : आवश्यक खाद्यान्न सामाग्रीहरुको स्रोत




**होम-स्टे सञ्चालनको अवस्था**

४.२६ बन्दाबन्दीको अवधिमा होम-स्टे व्यवसाय पूर्णरुपमा बन्द भएको पाइएको छ । बन्दाबन्दी पश्चात ७७.८ प्रतिशत होम-स्टे आंशिक रुपमा र ५.६ प्रतिशत पूर्णरुपमा सञ्चालन भएको पाइएको छ भने १६.७ प्रतिशत पूर्णरुपमा बन्द भएको देखिएको छ । बन्दाबन्दी पश्चात् आंशिक रुपमा सञ्चालन भएका होम-स्टेहरुमा सामान्य समयको तुलनामा औसतमा २८.१ प्रतिशत अकुपेन्सी हुने गरेको पाइएको छ ।

### चार्ट १० : व्यवसाय सञ्चालनको अवस्था





**आय नोक्सानीको अवस्था**

४.२७ सर्वेक्षणमा संलग्न होम-स्टेहरुमध्ये बन्दाबन्दी अघि रु. ४० हजारदेखि रु. ६० हजारसम्म मासिक आम्दानी गर्ने होम-स्टेको संख्या सर्वाधिक २९.६ प्रतिशत रहेको पाइएको छ । मासिक रु. ६०


हजारभन्दा बढी आम्दानी गर्ने होम-स्टेको संख्या न्यून अर्थात ५.६ प्रतिशत रहेको पाइएको छ । सर्वेक्षणमा मासिक रु.१० हजारसम्म आम्दानी गर्ने २०.४ प्रतिशत, रु. १० हजारभन्दा बढी रु. २० हजारसम्म आम्दानी गर्ने २०.४ प्रतिशत र रु. २० हजारदेखि ४० हजारसम्म आम्दानी गर्ने २४.१ प्रतिशत रहेको पाइएको छ ।

**चार्ट ११ : बन्दाबन्दी अघि मासिक आम्दानी गर्ने होम-स्टे संख्या**




४.२८ बन्दाबन्दी शुरु भएदेखि सर्वेक्षण अवधिसम्म गुमाएको आम्दानीका सम्बन्धमा सोधिएको प्रश्नमा सर्वेक्षणमा संलग्न होम-स्टेहरुमध्ये सर्वाधिक ३५.२ प्रतिशतले रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्म आम्दानी गुमाएको जवाफ दिएका छन् । रु. ६ लाखभन्दा बढी आम्दानी गुमाएका होम-स्टेको संख्या न्यून अर्थात ३.७ प्रतिशत रहेको पाइएको छ ।

**चार्ट १२ : बन्दाबन्दी शुरु भएदेखि आम्दानी गुमाउने होम-स्टेको संख्या**



**सेवाग्राहीको अवस्था**

४.२९ बन्दाबन्दी अघि प्रति होम-स्टे प्रति महिना औसत ६१ जना पर्यटक आउने गरेको र बसाई अवधि औसतमा करिब २ दिन रहेको पाइएको छ। बन्दाबन्दी अवधिमा होम-स्टे व्यवसाय पूर्णरुपमा बन्द भएको पाइएको छ । बन्दाबन्दीको अन्त्य पश्चात होम-स्टेबाट सेवा लिनेको संख्यामा सामान्य सुधार भएको पाइएको छ ।


**रोजगारीको अवस्था**

४.३० सर्वेक्षणमा बन्दबन्दी अघि होम-स्टेमा आफ्नो परिवारका सदस्य बाहेक अन्य कामदारलाई नगन्य रुपमा रोजगारी दिएको पाइएको छ। बन्दाबन्दी अघि होम-स्टेमा ८९.२ प्रतिशत स्वदेशी र १०.८ प्रतिशत विदेशी पर्यटकहरु बस्ने गरेको पाइएको छ । बन्दाबन्दीको अन्त्य पश्चात होम-स्टे सेवा उपयोग गर्नेमध्ये स्वदेशी ९९.७ प्रतिशत र विदेशी ०.३ प्रतिशत रहेको पाइएको छ।

**ब्याज छुट प्राप्तिको अवस्था**

४.३१ बन्दाबन्दी अघि सर्वेक्षणमा संलग्न होम-स्टेमध्ये करिब १३ प्रतिशत होम-स्टेले बैंक/वित्तीय संस्थाहरुबाट ऋण लिएको पाइएको छ । उक्त ऋणीहरु मध्ये ५७.१ प्रतिशतले सोही आ.व. को चौथो त्रयमासमा २ प्रतिशत ब्याज छुट सुविधा पाएको बताएका छन् ।

**चार्ट १३ : बैंक/वित्तीय संस्थाबाट ब्याज छुट सुविधा पाउने होम-स्टेको संख्या**




४.३२ सर्वेक्षणमा संलग्न होम-स्टेमध्ये ६३ प्रतिशत होम-स्टेले बन्दाबन्दी अवधिमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय निकायबाट प्रदान गरिएका आर्थिक सुविधाहरु नपाएको बताएका छन् । सुविधा नपाउने अधिकांशले त्यस्तो सुविधा उपलब्ध गराएको थाहा नपाएको बताएका छन् । सर्वेक्षणमा ३७ प्रतिशत (३३.३ प्रतिशतले सामूहिक र ३.७ प्रतिशतले व्यक्तिगत हिसाब) ले सरकारबाट सुविधा पाएको बताएका छन् । सर्वेक्षणमा सुविधा पाउने होम-स्टेहरुले सामूदायिक भवन निर्माण तथा खानेपानी व्यवस्थापन शीर्षकमा कुल जम्मा रु. १.७२ करोड पाएको बताएका छन् ।

**तालिका ६ : सरकारी निकायबाट आर्थिक सुविधा पाएका होम-स्टे संख्या**

| आर्थिक सुविधा पाए/नपाएका | प्रतिशत |
|---|---|
| व्यक्तिगत हिसाबले पाएको | ३.७ |
| सामूहिक हिसाबले पाएको | ३३.३ |
| नपाएको | ६३.० |


**सामान्य अवस्थामा फर्किन लाग्ने अवधि**

४.३३ सर्वेक्षणमा संलग्न होम-स्टेहरुले व्यवसाय सामान्य अवस्थामा फर्कन औसतमा १ वर्ष ६ महिना लाग्ने बताएका छन् ।

**व्यवसाय सञ्चालनका सम्बन्धमा भावी योजना**

४.३४ सर्वेक्षणमा संलग्न ५४ घरपरिवार मध्ये ५३.७ प्रतिशतले अहिलेको व्यवसायलाई निरन्तरता दिने र ४६.३ प्रतिशतले भविष्यमा व्यवसायको आकार बिस्तार गरेर सञ्चालन गर्ने योजना रहेको बताएका छन् ।

**चार्ट १४ : व्यवसाय सञ्चालनका सम्बन्धमा भावी योजना**




**होम-स्टे व्यवसायले भोगेका प्रमुख समस्याहरु**

४.३५ सर्वेक्षणका क्रममा पाइएका प्रमुख समस्याहरु देहाय बमोजिम रहेका छन्:

- कोभिड-१९ को महामारी र यसका कारणले होम-स्टे व्यवसायले लिएको कर्जाको ब्याज तिर्न कठिनाई भएको,
- आम्दानी गुमेकोले घरव्यवहार चलाउन कठिन भएको,
- अन्य स्थानीय उत्पादन बिक्री गर्न नपाउँदा उत्पादन खेर गई आय आर्जनको बाटो गुमेको,
- यस प्रकारको महामारी निरन्तर रहेमा संस्कृति पनि लोप हुनसक्ने चिन्ता रहेको ।

**व्यवसायलाई सामान्य अवस्थामा फर्काउन गर्नुपर्ने सुधारहरु**

४.३६ आफ्नो होम-स्टे व्यवसाय तथा पर्यटन व्यवसायलाई जोगाई राख्न एवम् सामान्य अवस्थामा फर्काउन के गर्नु पर्छ भन्ने प्रश्नमा देहाय बमोजिम पाइएको छः

- सबै नागरिकलाई सहज रुपमा कोभिड-१९ विरुद्धको खोपको व्यवस्था गरिनु पर्ने,
- विदेशी पर्यटकहरुलाई नेपाल सुरक्षित रहेको छ भन्ने सन्देश दिने खालका प्रचार प्रसार गरिनुपर्ने,
- नेपाल सरकार तथा सम्बन्धित निकायबाट राहतका प्याकेजको व्यवस्था गरिनु पर्ने,
- सहुलियत दरमा कर्जा पाउनु पर्ने तथा कर्जाको साँवा र ब्याज तिर्ने अवधि थप गरिनु पर्ने,
- आन्तरिक पर्यटन बढाउनका लागि छुट्टै प्याकेजको व्यवस्था गरिनु पर्ने,
- पर्यटक आवागमनमा सहजताका लागि पूर्वाधार (पैदलमार्ग, इन्टरनेटको पहुँच) विस्तार गरिनुपर्ने,
- जंगली जनावरको जोखिम भएका स्थानमा सोबाट हुने जोखिम कम गर्ने उपायका लागि सरकारले प्राथमिकता दिनुपर्ने,
- पर्यटन व्यवसायीहरुलाई कर छुटको व्यवस्था गरिनु पर्ने,
- अतिथि सत्कार सम्बन्धी तालिम दिइनु पर्ने, हस्तकला आदिको तालिम उपलब्ध गराई पर्यटकलाई आकर्षण गर्नसक्ने खालका सामाग्री उत्पादनको तालिम उपलव्ध गराउनु पर्ने,
- अन्य स्वरोजगार वृद्धि हुने खालका कार्यक्रमहरु ल्याउनु पर्ने ।

# परिच्छेद ५

# निष्कर्ष तथा सुझावहरु

## निष्कर्ष

५.१ सर्वेक्षणमा सहभागी पर्यटन व्यवसायहरुमध्ये ९७.९ प्रतिशत पर्यटन व्यवसाय (होम-स्टे बाहेक) बन्दाबन्दी अवधिमा पूर्ण रुपमा बन्द भएको पाइएको छ । सो अवधिमा उक्त व्यवसायहरु औसतमा २३२ दिन बन्द भएको देखिएको छ । यसरी, अधिकांश पर्यटन व्यवसाय लामो समयसम्म पूर्णरुपमा बन्द रहनुले बन्दाबन्दीले गण्डकी प्रदेशको अर्थतन्त्रमा गहिरो असर पुऱ्याएको अनुमान लगाउन सकिन्छ ।

५.२ बन्दाबन्दीको अन्त्यपश्चात पूर्ण रुपमा बन्द भएका पर्यटन व्यवसाय (होम-स्टे बाहेक) को संख्या ९७.९ प्रतिशतबाट १३.२ प्रतिशतमा झरेको र आंशिकरुपमा सञ्चालन भएका व्यवसायको संख्या १.८ प्रतिशतबाट ८५.४ प्रतिशत पुगेको देखिन्छ । बन्दाबन्दी पश्चात धेरै व्यवसायहरु आंशिकरुपमा सञ्चालनमा आएको देखिए पनि रोजगारी स्थिति तथा सेवाग्राहीको संख्यामा खासै वृद्धि नहुनुले आर्थिक क्रियाकलापमा सुधार हुन नसकेको तथ्यलाई पुष्टी गर्दछ ।

५.३ बन्दाबन्दी अवधिमा आधा भन्दा बढी व्यवसायहरुले कर्मचारी/कामदारलाई बेतलबी विदा दिएको तथा एक चौथाई व्यवसायले आंशिक तलब तथा सुविधा दिएकोमा बन्दाबन्दी पश्चात केही सुधार भई एक तिहाइ भन्दा बढी व्यवसायहरुले बेतलबी विदा र झण्डै एक तिहाईले आंशिक तलब तथा सुविधा दिएको पाइएको छ । तथापि बन्दाबन्दी अवधिमा १३.६ प्रतिशत व्यवसायले कर्मचारी/कामदारलाई रोजगारीबाट हटाएकोमा बन्दाबन्दी पश्चात यस्तो संख्या १४.७ प्रतिशत रहनुले रोजगारीको अवस्थामा सुधार आउन नसकेको देखिन्छ ।

५.४ बन्दाबन्दी अवधिमा पर्यटन व्यवसायमा ५३.०१ प्रतिशत कर्मचारी/कामदारको रोजगारी कटौती भएको पाइएको छ । यसरी रोजगारी गुमाउनेमा अस्थायी/ज्यालादारी कर्मचारीको हिस्सा ८९.५ प्रतिशत रहेको छ । सो अवधिमा कर्मचारी/कामदारको तलब सुविधा औसतमा ५७.३ प्रतिशतले कटौती भएको पाइएको छ । बन्दाबन्दी पश्चात सामान्य समयको तुलनामा ४७.२ प्रतिशत कर्मचारी/कामदार कार्यरत रहेको तथा सामान्य समयको तुलनामा ६३.६ प्रतिशत तलब सुविधा दिएको पाइएको छ ।  बन्दाबन्दी अवधिमा ठूलो परिमाणमा रोजगारी एवम् तलब सुविधा कटौती हुनु र बन्दाबन्दी पश्चात तिनमा उल्लेख्य सुधार नहुनुले गण्डकी प्रदेशमा बेरोजगारी समस्या बढेको तथ्यलाई पुष्टि गर्छ ।

५.५ सर्वेक्षणमा बन्दाबन्दी शुरु भएदेखि सर्वेक्षण अवधिसम्म सर्वाधिक ३३.६ प्रतिशत पर्यटन व्यवसायले रु. १० लाखदेखि २० लाखसम्म, २२.९ प्रतिशतले रु. २० लाखदेखि ५० लाखसम्म र २१.४ प्रतिशतले रु. ३  लाखदेखि १० लाखसम्म आम्दानी गुमाएको देखिन्छ । सर्वेक्षणमा रु. ५० लाखसम्म गुमाउने व्यवसायीहरुको संख्या ८१.८ प्रतिशत रहेको पाइएको छ ।

५.६ सर्वेक्षणमा ५६.४ प्रतिशतले पर्यटन व्यवसायीले कोभिड-१९ को (पहिलो लहर) शुरु हुनु अघि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको पाइएको छ । उक्त ऋणीहरुमध्ये ७०.९ प्रतिशतले गत

आ.व.को चौथो त्रयमासमा बैंक/वित्तीय संस्थाहरुबाट प्रदान गरिएको २ प्रतिशत ब्याज छुट सुविधा पाएको देखिएको छ । सर्वेक्षणमा २९.१ प्रतिशतले सो सुविधा नपाएको देखिनुले यस्ता सुविधाको बारेमा जानकारी सबैमा नपुगेको प्रष्ट हुन्छ ।

५.७ सर्वेक्षणमा सहभागी अधिकांश पर्यटन व्यवसायीले बन्दाबन्दी पश्चात अहिलेकै व्यवसायलाई निरन्तरता दिने देखिएतापनि केहीले व्यवसाय बिक्री वा बन्द गर्न चाहेको देखिएको छ । अर्कोतर्फ, पर्यटन व्यवसाय सामान्य अवस्थामा फर्किन २ वर्ष लाग्ने देखिनुले पनि पर्यटन व्यवसायलाई जोगाउन तथा टिकाउन कठिन हुनसक्ने र धेरै व्यवसायीहरु पलायन हुनसक्ने देखिन्छ ।

५.८ बन्दाबन्दी पश्चात व्यवसाय सञ्चालनका लागि सर्वाधिक ३६.५ प्रतिशतले स्वपूँजी चलाउने, २८.३ प्रतिशतले बैंक वित्तीय संस्थाबाट ऋण लिने, १९.७ प्रतिशतले साथीभाइबाट सापटी लिने र ७.५ प्रतिशतले सहकारीबाट ऋण लिने सोचमा रहेको पाइएको छ । सर्वेक्षणमा १.३ प्रतिशत व्यवसायीले थप वित्तीय साधन आवश्यक नपरेको जनाएका छन् ।

५.९ सर्वेक्षणमा ३९.९ प्रतिशत व्यवसायले आ.व. २०७७/०७८ को मौद्रिक नीतिमार्फत प्रदान गरिएका सुविधा नपाएको बताउनुले धेरै व्यवसायले कुनै न कुनै सुविधा उपयोग गरेको देखिएको छ । सर्वेक्षणमा सर्वाधिक ३०.४ प्रतिशत व्यवसायले पुनरकर्जा सुविधा र २४.७ प्रतिशतले कर्जा भुक्तानी अवधिको म्याद थप सुविधा उपयोग गरेको देखिएको छ ।

५.१० बन्दाबन्दीमा होम-स्टे व्यवसाय पूर्णरुपमा बन्द रहेको पाइएको छ । बन्दाबन्दी पश्चात ७७.८ प्रतिशत आंशिक रुपमा र ५.६ प्रतिशत पूर्णरुपमा सञ्चालन भएको देखिएको छ । सर्वेक्षणमा ५३.७ प्रतिशत होम-स्टेले अहिलेको व्यवसायलाई निरन्तरता दिने र ४६.३ प्रतिशतले भविष्यमा व्यवसायको आकार बिस्तार गरेर सञ्चालन गर्ने योजना रहेको बताएका छन् । यसबाट होम-स्टे व्यवसाय अझै पनि आशावादी रहेको भन्न सकिन्छ ।

५.११ बन्दाबन्दी अघि पर्यटन व्यवसायबाट सेवा लिने स्वदेशी पर्यटक ४५.६ प्रतिशत रहेकोमा बन्दाबन्दी पश्चात ९७.८ प्रतिशत रहेको पाइएको छ । सोही अनुरुप बन्दाबन्दी अघि व्यवसायबाट सेवा लिने विदेशी पर्यटक ५४.४ प्रतिशत रहेकोमा बन्दाबन्दी पश्चात २.२ प्रतिशत मात्र रहेको पाइएको छ ।

५.१२ बन्दाबन्दी अवधिमा अधिकांश पर्यटन व्यवसायीले आम्दानीको मुख्य स्रोत गुमेको, कर्मचारी व्यवस्थापनमा समस्या रहेको, चालु पूँजीका लागि स्रोत अभाव भएको, कर्जाको साँवा ब्याज समयमा बुझाउन कठिनाई भएको, व्यवसाय निरन्तरताको लागि चल/अचल सम्पत्ति बिक्री गर्नु परेको एवम् पर्यटन व्यवसायमा गरिएको लगानीको सुरक्षा नभएको जस्ता समस्याहरु उल्लेख गरेका छन् ।

५.१३ सर्वेक्षणमा सहभागी पर्यटन व्यवसायीहरुले पर्यटन क्षेत्रका लागि सहुलियत ब्याजमा ऋणको व्यवस्था, किस्ता तिर्ने म्याद थप, आयकरमा सहुलियत, आन्तरिक पर्यटन प्रवर्द्धन, सर्वसाधारण जनतामा खोपको सहज आपूर्ति जस्ता सुविधाहरुको अपेक्षा गरेको देखिएको छ ।

## सुझावहरु

५.१४ सबै नेपालीहरुमा खोपको सुनिश्चितता भएमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आवागमनमा वृद्धि आई महामारीले थला परेको पर्यटन व्यवसाय पुनरउत्थान गर्न मद्दत पुग्ने हुँदा सोका लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

५.१५ पर्यटन व्यवसायलाई प्राथमिकताप्राप्त क्षेत्रको रुपमा सहुलियत ब्याजमा कर्जाको व्यवस्था गर्ने, निश्चित अवधिसम्मका लागि कर्जाको किस्ता तिर्ने म्याद थप गर्ने तथा कर्जाको भुक्तानी तालिकालाई पुनरतालिकीकरण गर्नुपर्ने देखिन्छ । साथै, पर्यटन क्षेत्रलाई निश्चित अवधिसम्मको लागि आयकरमा समेत छुटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५.१६ प्रदेश सरकार तथा स्थानीय तहको आपसी समन्वयमा स्थानीय उत्पादन उपयोग गर्ने तथा पर्यटकले रुचाउने उपजलाई उत्पादन गर्न प्रोत्साहित गर्ने खालका नीति निर्माण गरी पर्यटन क्षेत्रमा स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहित गर्ने तथा पर्यटन क्षेत्रबाट रोजगारी गुमाएको श्रमिकलाई उत्पादनसँग जोड्ने योजना तर्जुमा गर्नुपर्ने देखिन्छ ।

५.१७ प्रदेशका पर्यटन पूर्वाधारको विकास गरी पर्यटकीय गन्तव्यस्थल संरक्षण, ऐतिहासिक सम्पदा संरक्षण गर्न सकिएमा थप पर्यटक भित्र्याउन सकिने देखिएकोले सो सम्बन्धी योजना तर्जुमा गर्नुपर्ने देखिन्छ ।

५.१८ पर्यटन क्षेत्रलाई अन्तराष्ट्रिय आवद्धता गराउने, सुरक्षाको प्रत्याभूत हुने खालका कार्यक्रम बनाउने, पदमार्गहरुको संरक्षण एवं सम्बर्द्धन गर्ने खालका कार्यक्रम आवश्यक देखिन्छ ।

५.१९ आन्तरिक तथा बाह्य पर्यटनका लागि पर्यटकीय गन्तव्य सम्बन्धी एकीकृत भ्रमण प्याकेज बनाउने, त्यसको प्रबर्द्धन गर्ने, पर्यटकीय सेवा तथा गन्तव्यको विविधिकरण गर्न सकेमा महामारीबाट बचेका उद्योगहरुलाई पुनर्जीवन दिन सक्ने देखिन्छ ।

५.२० नेपाल आउने पर्यटकको देशगत विवरण, बसाइ, खर्च, उपभोग, गन्तव्य लगायतका सम्पूर्ण विवरण सहितको सूचना तथा तथ्यांक एकीकृत रुपमा प्राप्त गर्नसक्ने प्रणालीको विकास गरी यस क्षेत्रमा लगानी गर्न चाहनेहरुलाई समेत उपयोगी हुनेगरी एकीकृत सूचना प्रणालीको विकास गर्नुपर्ने देखिन्छ ।

**सन्दर्भ सूची (References)**


नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग (२०७७), ***कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षेण प्रतिवेदन,*** काठमाडौ ।

नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग (२०७७), ***कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्न्धी सर्वेक्षणको प्रथम तथा दोस्रो पुनरावृत्ति अध्ययन प्रतिवेदन,*** काठमाडौ ।

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, ***नेपाल पर्यटन तथ्याङ्क, २०१९ ।***

नेपाल सरकार, अर्थ मन्त्रालय, ***आर्थिक सर्भेक्षण, २०७७/७८,*** सिंहदरबार काठमाडौं ।

नेपाल सरकार, अर्थ मन्त्रालय, ***आर्थिक वर्ष २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य,*** सिंहदरबार काठमाडौं ।

प्रदेश सरकार, गण्डकी प्रदेश, ***कोरोना भाइरस (Covid-19) ले जनजीवन र अर्थतन्त्रमा परेको असर बारे संक्षिप्त अध्ययन प्रतिवेदन,*** पोखरा ।

प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश (२०७७) ***प्रथम पञ्चवर्षीय योजना,*** *आर्थिक वर्ष २०७६/७७-२०८०/८१,* पोखरा ।

International Monetary Fund (2021**).** ***Managing divergent recoveries.*** **Retrived from** http://imf.org/ world economic outlook, April 2021,

Krejcie, R.V. & Morgan, D.W. (1970). **Determining sample size for research activities.** *Educational & Psychological Measurement, 30,* 607-610.

UNWTO (2021). *UNWTO* ***tourism data dashboard***. Retrived from https://www.unwto.org/news/ UNWTO Global Tourism Dashboard 2021

World Bank (2020). United States of America. **https://openknowledge.worldbank.org/bitstream/handle/10986/34050/COVID-19-and-Tourism-in-South-Asia-Opportunities-for-Sustainable-Regional-Outcomes**.pdf?sequence=6&isAllowed=y

# अनुसूची–१

# कोभिड–१९ ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव

## प्रश्नावली

*नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले गण्डकी प्रदेशमा कोभिड-१९ ले पारेको प्रभाव विषयक विशेष अध्ययन गर्दैछ । यहाँहरुबाट प्राप्त हुने प्रतिक्रियाले यस क्षेत्रको अवस्था, सम्भावना तथा चुनौतीको पहिचानमा मद्दत पुऱ्याउनेछ । तसर्थ तपाईको प्रतिक्रिया यो अध्ययनका लागि महत्वपूर्ण हुनेछ । तपाईबाट प्राप्त प्रतिक्रिया तथा सुझावहरु अध्ययन प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ । साथै, उक्त प्रतिक्रिया तथा सुझावहरु तथ्याङ्क ऐन २०१५ अनुसारसंकलन गरी गोप्य राखिनेछ ।*

**उत्तरदाता उद्यमी/व्यवसायीको नाम** : ............................................................................................

**व्यवसाय रहेको स्थानः** ..............................................................................................................

**उद्यम/व्यवसायको नाम :** ..........................................................................................................

**प्रश्नावली**

१. ***तपाईको पर्यटन क्षेत्रमा रहेका व्यवसायहरु के के छन् ?(एक भन्दा बढी उत्तर हुन सक्ने)***

(क) होटल तथा रिसोर्ट
(ख) रेष्टुरेण्ट तथा बार
(ग) ट्रेकिङ्ग एजेन्सी
(घ) साहसिक पर्यटन व्यवसाय(प्याराग्लाईडिङ्ग, अल्ट्रलाईट, बन्जीजम्प आदि)
(ङ) टुर्स एण्ड ट्राभल्स कम्पनी
(च) अन्य कुनै : ................................................

२. ***(अ) हाल उद्यम /व्यवसाय सञ्चालनको अवस्था कस्तो रहेको छ?***

(क) पूर्णरुपमा सञ्चालन (ख) आंशिक रुपमा सञ्चालन (ग) पूर्ण रुपमा बन्द रहेको

***(आ) आंशिक रुपमा सञ्चालन भएको भए सामान्य समयको तुलनामा कति प्रतिशत कारोबार हुने गरेको छ ?***

➪ करीब..........................प्रतिशत ।

***(इ) उद्यम व्यवसाय बन्द वा आंशिक रुपमा बन्द भएको अवस्थामा कर्मचारीको व्यवस्थापन कसरी गर्नुभएको छ ?***

***(एकभन्दा बढी उत्तर दिन सकिने)***

(क) कर्मचारीलाई वेतलवी विदा दिएको
(ख) आंशिक तलव सुविधा दिएको
(ग) रोजगारीबाट हटाएको
(घ) घरबाटै काम गर्न सकिने व्यवस्था मिलाएको
(ङ) अन्य ........................

३. ***(अ) बन्दाबन्दी/निषेधाज्ञा अवधिमा व्यवसाय सञ्चालनको अवस्था कस्तो रहेको थियो ?***

(क) पूर्णरुपमा सञ्चालन (ख) आंशिक रुपमा सञ्चालन (ग) पूर्ण रुपमा बन्द रहेको ।

***(आ) आंशिक रुपमा सञ्चालन भएको भए सामान्य समयको तुलनामा कति प्रतिशत कारोबार हुने गरेको थियो ?***

⇨ करीब.........................प्रतिशत ।

*(इ) पूर्ण रुपमा बन्द रहेको भए कति समय उद्यम/व्यवसाय बन्द गर्नुभयो ?*

⇨ करीब ...........दिन

*(ई) आंशिक रुपमा बन्द गर्नु भएको भए कति दिन बन्द गर्नुभयो ?*

⇨ करीब ...........दिन

*(उ) बन्दाबन्दी/निषेधाज्ञा अवधिमा कर्मचारीको व्यवस्थापन कसरी गर्नुभयो ?*

(क) कर्मचारीलाई वेतलवी विदा दिएको (ख) आंशिक तलव सुविधा दिएको

(ग) रोजगारीबाट हटाएको (घ) घरबाटै काम गर्न सकिने व्यवस्था मिलाएको

(ङ) अन्य.......................

४. *तपाईंको उद्यम व्यवसायमा कर्मचारी/कामदार (अस्थायी/ज्यालादर समेत) को अवस्था बारेमा जानकारी दिनुहोस् ।*

| | कुल कर्मचारी संख्या | जसमध्ये अस्थायी/ज्यालादारी |
|---|---|---|
| बन्दाबन्दी/निषेधाज्ञा अघि कार्यरत संख्या : | | |
| बन्दाबन्दी/निषेधाज्ञाअवधिमा कार्यरत संख्या : | | |
| बन्दाबन्दी/निषेधाज्ञा पश्चात (हाल) कार्यरत संख्या : | | |
| बन्दाबन्दी/निषेधाज्ञाका कारणले कटौती भएको संख्या | | |

५. *(अ) बन्दाबन्दी/निषेधाज्ञा अवधिमा कर्मचारी/कामदारको तलव सुविधा औसतमा कति कटौती गर्नुभयो ?*

⇨ करीब....................प्रतिशत

*(आ) हाल कर्मचारी/कामदारको तलव सुविधा सामान्य समयको तुलनामा कति दिनु भएको छ ?*

⇨ करीब....................प्रतिशत

६. *बन्दाबन्दी शुरु भएदेखि हालसम्मको अवधिमा मोटामोटी कति आम्दानी गुमाउनुभयो?*

(क) रु. ३ लाखसम्म (ख) रु. ३ लाख देखि १० लाखसम्म

(ग) रु. १० लाख देखि २० लाखसम्म (घ) रु. २० लाख देखि ५० लाखसम्म

(ङ) रु. ५० लाख देखि १ करोडसम्म (च) रु. १ करोड भन्दा माथि

(छ) आम्दानी गुमेको छैन ।

७. *हाल व्यवसाय सञ्चालन/निरन्तरताको लागि आवश्यक रकम कसरी व्यवस्था गर्नु भएको छ ?*
*(एकभन्दा बढी उत्तर दिन सकिने)*

(क) आफ्नै सञ्चित रकमको उपयोग

(ख) चल/अचल सम्पत्ती बिक्री गरेर

(ग) बैंक/वित्तीय संस्थाबाट ऋण लिएर

(घ) सहकारीबाट ऋण लिएर

(ङ) आफन्त/साथीभाईबाट सापटी लिएर

(च) थप वित्तीय साधन आवश्यक नपरेको ।

८. *(अ) कोभिड शुरु हुनु अगाडि बैंक/वित्तीय संस्थाहरुबाट ऋण लिनु भएको थियो ?*

(क) थियो

(ख) थिएन

*(आ) ऋण लिएको भए गत आ.व.को चौथो त्रैमासमा बैंक/वित्तीय संस्थाहरुबाट प्रदान गरिएको २ प्रतिशत व्याज छुट सुविधा पाउनु भयो ?*

(क) पाईयो

(ख) पाईएन

*(इ) मौद्रिक नीति (आ.व. २०७७/७८) ले प्रदान गरेका देहायका के के सुविधाहरु पाउनुभयो ?(एकभन्दा बढी उत्तर दिन सकिने) ।*

(क) पुनरकर्जा

(ख) चालु पूँजी कर्जा

(ग) कर्जा भुक्तानी अवधिको म्याद थप

(घ) कर्जाको पुनर्तालिकीरिण/पुनर्संरचना

(ङ) ग्रेस अवधि थप गर्ने सुविधा

(च) कुनै पनि सुविधा नपाएको

(छ) सुविधाहरु आवश्यक नपरेको

*(ई) यदी, कुनै सुविधा नपाएको भए नपाउनुका कारणहरु के के हुन ?*

⇨ ..................................................................................................................

⇨ ..................................................................................................................

⇨ ..................................................................................................................

९. *(अ) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्रदान गरिएका कुनै आर्थिक सुविधाहरु पाउनुभयो ?*

*(क) पाएको*

*(ख) नपाएको*

*(आ) यदी, आर्थिक सुविधा पाउनुभएको भए कस्तो खालको तथा कति रकम सुविधा पाउनुभयो ?*

*सुविधाको नाम/किसिम : ......................................     रकम रु. : .................................*

*(ई) यदी, कुनै सुविधा नपाएको भएनपाउनुका कारणहरु के के हुन ?*

⇨ ..................................................................................................................

⇨ ..................................................................................................................

⇨ ..................................................................................................................

१०. *(अ) बन्दाबन्दी/निषेधाज्ञा अवधिको तुलनामा हाल तपाईंको उद्यम/व्यवसायबाट सेवा लिने ग्राहकहरुको संख्यात्मक अवस्था कस्तो रहेको छ ?*

(क) बढेको छ । (ख) उस्तै छ ।

*(आ) हाल दैनिक सालाखाला कति जना सेवाग्राहीहरुले तपाईंको उद्यम/व्यवसायबाट सेवा लिन थालेका छन् ?*

⇨ दैनिक संख्या :............................

*(इ) बन्दाबन्दी/निषेधाज्ञा अघि दैनिक सालाखाला कति जना सेवाग्राहीहरुले तपाईको उद्यम/व्यवसायबाट सेवा लिएका थिए ?*

⇨ दैनिक संख्या :............................

*(ई) बन्दाबन्दी/निषेधाज्ञा अवधिमा दैनिक सालाखाला कति जना सेवाग्राहीहरुले तपाईको उद्यम/व्यवसायबाट सेवा लिएका थिए ?*

⇨ दैनिक संख्या :............................

*(उ) हाल तपाईंको उद्यम/व्यवसायबाट सेवा लिनेमध्ये स्वदेशी र विदेशी सेवाग्राहीहरुको संख्या कुन अनुपातमा रहेको छ ?*

(क) स्वदेशी....................प्रतिशत (ख) विदेशी ...................प्रतिशत

*(ऊ) बन्दाबन्दी/निषेधाज्ञा अघि तपाईको उद्यम/व्यवसायबाट सेवा लिने स्वदेशी र विदेशीको संख्या कति रहने गरेको थियो ?*

(क) स्वदेशी.................प्रतिशत (ख) विदेशी ...................प्रतिशत

*११. तपाईंको उद्यम व्यवसाय सामान्य अवस्थामा फर्कन कति समय लाग्ने अनुमान गर्नुभएको छ ?*

⇨ अनुमानित समय......................

*१२. तपाईंको उद्यम व्यवसाय सञ्चालनका सम्बन्धमा भविष्यको योजना कस्तो रहेको छ ?*

(क) अहिलेको व्यवसायलाई निरन्तरता दिने (ख) नयाँ साझेदार खोजी अहिलेको व्यवसायलाई निरन्तरता दिने

(ग) व्यवसायको आकार घटाउने (घ) नयाँ व्यवसाय शुरु गर्ने

(ङ) व्यवसाय बन्द गर्ने । (च) व्यवसाय बिक्री गर्ने

(छ) व्यवसायको आकार बढाउने ।

*१३. कोभिड-१९ बाट आफू र आफ्ना कर्मचारी/कामदारहरुको सुरक्षाको लागि के कस्ता उपायहरु अपनाउनु भएको छ ?(एकभन्दा बढी उत्तर दिन सकिने) ।*

(क) नियमित स्यानिटाईजर र मास्कको प्रयोग (ख) भौतिक दूरी कायम

(ग) कर्मचारीको नियमितपिसिआर परिक्षण (घ) केही पनि गरेको छैन ।

*१४. कोभिड–१९ को माहामारी र यसको कारणले भएको बन्दाबन्दी/निषेधाज्ञाको कारणले तपाईको व्यवसायले के कस्ता प्रमुख समस्याहरु भोग्नु परेको छ ?*

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

*१५. आफ्नो उद्यम/व्यवसाय सामान्य अवस्थामा फर्काउन नेपाल राष्ट्र बैंक एवम् सरकारी वा अन्य निकायबाट के कस्तो थप प्रयास हुनुपर्छ जस्तो लाग्छ ? आफ्ना सुझावहरु दिनुहोस् ।*

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

⇨ ……………………………………………………………………………………………………

***

# अनुसूची-२

# कोभिड-१९ ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव

## प्रश्नावली

## (होम-स्टे)

*नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले गण्डकी प्रदेशमा कोभिड-१९ ले पारेको प्रभाव विषयक विशेष अध्ययन गर्दैछ । यहाँहरुबाट प्राप्त हुने प्रतिक्रियाले यस क्षेत्रको अवस्था, सम्भावना तथा चुनौतीको पहिचानमा मद्दत पुऱ्याउनेछ । तसर्थ तपाईको प्रतिक्रिया यो अध्ययनका लागि महत्वपूर्ण हुनेछ । तपाईबाट प्राप्त प्रतिक्रिया तथा सुझावहरु अध्ययन प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ । साथै, उक्त प्रतिक्रिया तथा सुझावहरु तथ्याङ्क ऐन २०१५ अनुसार संकलन गरी गोप्य राखिनेछ ।*

**संचालकको नाम :**...........................................................

**होम-स्टेको नाम :** ........................................................... **सञ्चालन भएको मिति/साल**......................

**ठेगाना : जिल्ला :** ........................................... **गा.पा./न.पा./उप म.न.पा** ............................

---

**प्रश्नावली**

*१. तपाईको होम–स्टेको दैनिक क्षमता कति हो ?*

⇨ पर्यटक संख्या :................

*२. तपाईको होम-स्टेमा आफ्नो घर परिवारका कति जना सदस्य संलग्न हुनुहुन्छ ?*

⇨ संख्या :................

*३. होम-स्टे सञ्चालन गर्न तपाई कसरी प्रेरित हुनु भयो ?*

(क) अरुले होम-स्टेसञ्चालन गरेको देखेर

(ख) आफैले केही गर्नुपर्ने भावना जागेर

(ग) अन्य (उल्लेख गर्ने)...............................................................................

*४. (अ) तपाईको परिवार होम-स्टे बाहेक अन्य कुनै पेशामा आवद्ध हुनुहुन्छ ?*

(क) छ (ख) छैन

*(आ) यदि हुनुहुन्छ भने कुनकुन पेशामा आवद्ध हुनुहुन्छ ?*

⇨ .....................................................

⇨ .....................................................

⇨ ....................................................

*(इ) तपाईको परिवार आवद्ध भएको अन्य पेशाले तपाईको होम–स्टे व्यवसायको प्रवर्द्धनलाई सहयोग गरेको छ ?*

(क) छ (ख) छैन

*५. तपाईको होम–स्टे व्यवसाय संचालनको लागि आवश्यक खाद्यान्न सामाग्रीहरु (नुन, चिनी, मसला, तेल बाहेक) कसरी जुटाउने गर्नु भएको छ/थियो ?*

(क) स्वःउत्पादन (ख) स्थानीय बजारबाट खरिद (ग) केही स्वःउत्पादन केही खरिद

*६. (अ) बन्दाबन्दी शुरु हुनु अगाडि होम-स्टेमा मासिक रुपमा अनुमानित कति पर्यटक आउथे ? र पर्यटकहरुको बसाई अवधि करीब कति दिनको हुन्थ्यो ?*

- ⇨ मासिक पर्यटक संख्या : ........................
- ⇨ औसत बसाई अवधि : ....................

*(आ) बन्दाबन्दी शुरु हुनु अगाडि होम-स्टेमा मासिक रुपमा अनुमानित कति आम्दानी (रु.मा.)हुने गरेको थियो?*

(क) रु.१०,००० सम्म (ख) रु.१०,००१ देखि रु.२०,००० सम्म

(ग) रु.२०,००१ देखि रु.४०,००० सम्म (घ) रु. ४०,००१ देखि रु. ६०,००० सम्म

(ङ) रु.६०,००० भन्दामाथि

*(इ) बन्दाबन्दी शुरु हुनु अगाडि होम-स्टेमा आफ्नो परिवारका सदस्य बाहेक कति जनालाई रोजगारी दिनुभएको थियो ?*

संख्या : ........... जना

*(ई) होम-स्टेबाट सेवा लिने मध्ये स्वदेशी र विदेशी पर्यटकहरुको संख्या कति हुने गरेको थियो?*

(क) स्वदेशी....................प्रतिशत (ख) विदेशी ...................प्रतिशत

*७. (अ) बन्दाबन्दी/निषेधाज्ञा अवधिमा होम-स्टेको सञ्चालनको अवस्था कस्तो रहेको थियो ?*

(क) पूर्णरुपमा सञ्चालन (ख) आंशिक रुपमा सञ्चालन (ग) पूर्ण रुपमाबन्द रहेको

*(आ) आंशिक रुपमा सञ्चालन भएको भए सामान्य समयको तुलनामा मासिक रुपमा कति जति पर्यटक आउने गरेका थिए?*

मासिक करीब.........................जना ।

*(इ) होम-स्टे बन्द वा आंशिक रुपमा सञ्चालन भएको अवस्थामा कर्मचारीको व्यवस्थापन कसरी गर्नुभएको थियो?*

*(एकभन्दा बढी उत्तर दिन सकिने)*

(क) कर्मचारीलाई वेतलवी विदा दिएको (ख) आंशिक तलव सुविधा दिएको

(ग) रोजगारीबाट हटाएको (घ) आफैले मात्र व्यवस्थापन गरेको (कर्मचारी नरहेको)

(ङ) अन्य.......................................

*८. बन्दाबन्दी शुरु भएदेखि हालसम्मको अवधिमा मोटामोटी कति आम्दानी (रु. मा) गुमाउनु भयो?*

(क) रु. १,००,००० लाखसम्म (ख) रु.१,००,००१ देखि २,००,००० लाखसम्म

(ग) रु.२,००,००१ लाख देखि ४,००,००० लाखसम्म (घ) रु.४,००,००१ लाख देखि ६,००,००० लाखसम्म

(ङ) रु. ६,००,००० भन्दामाथि

*९. (अ) कोभिड शुरु हुनु अगाडि होम-स्टे सञ्चालन गर्न बैंक/वित्तीय संस्थाहरुबाट ऋण लिनु भएको थियो ?*

(क) थियो (ख) थिएन

*(आ) ऋण लिएको भएगत आ.व.को चौथो त्रैमासमा बैंक/वित्तीय संस्थाहरुबाट प्रदान गरिएको २ प्रतिशत व्याज छुट सुविधा पाउनु भयो ?*

(क) पाईयो (ख) पाईएन

*१०. (अ) तपाईले बन्दाबन्दी शुरु भएपछि संघीय सरकार, प्रदेश सरकार र स्थानीय निकायबाट प्रदान गरिएका कुनै आर्थिक सुविधाहरु प्राप्त गनुभयो ?*

(क) व्यक्तिगत हिसावले पाएको (ख) सामूहिक हिसावले पाएको (ग) नपाएको

*(आ) यदि, आर्थिक सुविधापाउनुभएको भएकस्तो खालको तथाकति रकम सुविधापाउनुभयो ?*

➪ *सुविधाको नाम/किसिम : ....................................... स्रोत : ..........................................*

➪ *रकम रु. : ..................................*

*(इ) यदी, कुनै सुविधापाउनुभएनभने नपाउनुका कारणहरु के के हुन?*

➪ ........................................................................................................................

➪ ........................................................................................................................

➪ ........................................................................................................................

*११. (अ) हाल होम-स्टे व्यवसाय सञ्चालनको अवस्था कस्तो रहेको छ ?*

(क) पूर्ण रुपमा सञ्चालन (ख) आंशिक रुपमा सञ्चालन (ग) पूर्ण रुपमा बन्द रहेको

*(आ) आंशिक रुपमा सञ्चालन भएको भए सामान्य समयको तुलनामा महिनामा करीब कति अकुपेन्सी हुने गरेको छ?*

➪ मसिक करीब.........................प्रतिशत

*(इ) होम-स्टे व्यवसाय बन्द वा आंशिक रुपमा सञ्चालन भएको अवस्थामा कर्मचारीको व्यवस्थापन कसरी गर्नुभएको छ ? ( कर्मचारी भए मात्रउ त्तर दिनुपर्ने )(एकभन्दा बढी उत्तर दिन सकिने)*

(क) कर्मचारीलाई वेतलवी विदादिएको
(ख) आंशिक तलव सुविधा दिएको
(ग) रोजगारीबाट हटाएको
(घ) घरबाटै काम गर्न सकिने व्यवस्था मिलाएको
(ङ) कर्मचारी नरहेको (आफैले व्यवस्थापन गरेको)
(ङ) अन्य ......................

*(उ) हाल तपाईंको होम-स्टेबाट सेवा लिने मध्ये स्वदेशी र विदेशी सेवाग्राहीहरुको संख्या कुन अनुपातमा रहेको छ ?*

(क) स्वदेशी....................प्रतिशत
(ख) विदेशी ...................प्रतिशत

*(ऊ) तपाईंको होम-स्टे व्यवसाय सामान्य अवस्थामा फर्कन कति समय लाग्ने अनुमान गर्नुभएको छ ?*

⇨ अनुमानित समय......................

*१२. तपाईंको होम-स्टे व्यवसाय सञ्चालनका सम्बन्धमा भविष्यको योजना कस्तो रहेको छ ?*

(क) अहिलेको व्यवसायलाई निरन्तरता दिने
(ख) व्यवसायको आकार बढाउने ।
(ग) व्यवसायबन्द गर्ने ।
(घ) नयाँ व्यवसाय शुरु गर्ने

*१३. कोभिड–१९ को माहामारी र यसको कारणले भएको बन्दाबन्दी/निषेधाज्ञाको कारणले तपाईको व्यवसायले के कस्ता प्रमुख समस्याहरु भोग्नु परेको छ ?*

⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................

*१४. आफ्नो होम-स्टे व्यवसाय सामान्य अवस्थामा फर्काउन नेपाल राष्ट्र बैंक एवम् सरकारी वाअन्य निकायबाट के कस्तो प्रयास हुनुपर्छ जस्तो लाग्छ ?आफ्ना सुझावहरु दिनुहोस् ।*

⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................
⇨ ..........................................................................................................................

***

# अनुसूची-३

## थप तालिकाहरु

### १. पर्यटन व्यवसायको विवरण

| पर्यटन व्यवसाय | संकलित संख्या | संकलित नमुनाको प्रतिशत |
|---|---|---|
| होटल तथा रिसोर्टहरु | १८५ | ५२.० |
| रेष्टुरेण्ट तथा बारहरु | २५ | ७.० |
| साहसिक पर्यटन व्यवसाय | ३० | ८.४ |
| ट्रेकिङ एजेन्सी | २५ | ७.० |
| टुर्स एण्ड ट्राभलर्स एजेन्सी | ३७ | १०.४ |
| होम-स्टे (घरधुरी संख्या) | ५४ | १५.२ |
| **कुल सख्या** | **३५६** | **१००.०** |

### २. संकलित नमुनाको जिल्लागत विवरण

| जिल्ला | संकलित नमुना संख्या | प्रतिशत |
|---|---|---|
| कास्की | २१२ | ५९.६ |
| मुस्ताङ | २३ | ६.५ |
| मनाङ | २५ | ७.० |
| नवलपरासी | २० | ५.६ |
| लमजुङ | ३३ | ९.३ |
| तनहुँ | २० | ५.६ |
| म्याग्दी | २३ | ६.५ |
| **जम्मा** | **३५६** | **१००.०** |

## ३. कर्मचारी व्यवस्थापनको अवस्था

| कर्मचारी व्यवस्थापन | बन्दाबन्दी अवधिमा | बन्दाबन्दी पश्चात |
|---|---|---|
| कर्मचारीलाई बेतलबी विदा दिएको | ५०.९% | ३४.३% |
| आंशिक तलब तथा सुविधा दिएको | २५.१% | ३०.८% |
| रोजगारीबाट हटाएको | १३.६% | १४.७% |
| घरमै बसेर काम गर्नसक्ने व्यवस्था मिलाइएको | १.४% | २.९% |
| अन्य | ९% | १७.३% |

## ४. बन्दाबन्दीका कारण सर्वेक्षण अवधिसम्म आम्दानी गुमाउने व्यवसाय

| बन्दाबन्दी शुरु भएदेखि सर्वेक्षण अवधिसम्ममा गुमाएको आम्दानी | प्रतिशतमा | सञ्चित प्रतिशत |
|---|---|---|
| रु. ३ लाखसम्म | ३.९ | ३.९ |
| रु. ३ लाखदेखि १० लाखसम्म | २१.४ | २५.४ |
| रु. १० लाखदेखि २० लाखसम्म | ३३.६ | ५८.९ |
| रु. २० लाखदेखि ५० लाखसम्म | २२.९ | ८१.८ |
| रु. ५० लाखदेखि १ करोडसम्म | ११.८ | ९३.६ |
| रु. १ करोड भन्दा माथि | ६.१ | ९९.६ |
| आम्दानी गुमेको छैन | ०.४ | १००.० |

## ५. व्यवसाय सञ्चालनको लागि वित्तीय साधनको व्यवस्थापन

| रकमको व्यवस्थापन | प्रतिशत |
|---|---|
| आफ्नै सञ्चित रकमको उपयोग गरेर | ३६.५ |
| चल/अचल सम्पत्ति बिक्री गरेर | ६.७ |
| बैंक/वित्तीय संस्थाबाट ऋण लिएर | २८.३ |
| सहकारीबाट ऋण लिएर | ७.५ |
| आफन्त/साथीभाइबाट सापटी लिएर | १९.७ |
| थप वित्तीय साधन आवश्यक नपरेको | १.३ |

### ६. बन्दाबन्दी अघि मासिक आम्दानी गर्ने होम-स्टे संख्या

| मासिक आम्दानी | प्रतिशत |
|---|---|
| रु.१०,०००।- सम्म | २०.४ |
| रु.१०,००१।- देखि रु.२०,०००।- सम्म | २०.४ |
| रु.२०,००१।- देखि रु.४०,०००।- सम्म | २४.१ |
| रु.४०,००१।- देखि रु.६०,०००।- सम्म | २९.६ |
| रु.६०,०००।- भन्दामाथि | ५.६ |

### ७. बन्दाबन्दी शुरु भएदेखि आम्दानी गुमाउने होम-स्टेको संख्या

| बन्दाबन्दी शुरु भएदेखि गुमाएको आम्दानी | प्रतिशत |
|---|---|
| रु. १,००,०००।- सम्म | २०.४ |
| रु. १,००,००१।- देखि २,००,०००।- सम्म | २५.९ |
| रु. २,००,००१।- देखि ४,००,०००।- सम्म | ३५.२ |
| रु. ४००,००१।- देखि ६,००,०००।- सम्म | १४.८ |
| रु. ६,००,०००।- भन्दामाथि | ३.७ |